320.5 political ideology
GAU

# गाउँफर्क–राष्ट्रिय अभियान

## दोस्रो
## केन्द्रीय अधिवेशन
## २०३१

(३-६ आश्विन)

को




# प्रतिवेदन

# गाउँ फर्क – राष्ट्रिय अभियान

दोस्रो

केन्द्रीय अधिवेशन

२०३१

को

# प्रतिवेदन

प्रकाशक
गाउँ फर्क-राष्ट्रिय अभियान
केन्द्रीय कार्यालय

प्रकाशकः
गाउँफर्क–राष्ट्रिय अभियान
केन्द्रीय कार्यालय
जगदम्बा भवन
पुल्चोक, ललितपुर

२०३२ आषाढ
२००० प्रति

7437

मुद्रकः
सहयोगी प्रेस
त्रिपुरेश्वर, काठमाडौं
फोन नं ११४८६

# श्री ५ महाराजाधिराज
# वीरेन्द्र वीर विक्रम शाह देवबाट
# गाउँफर्क राष्ट्रिय अभियानको
# दोस्रो केन्द्रीय अधिवेशनको
# उद्घाटन–समारोहमा
# बक्सेको भाषण

## श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट गाउँफर्क राष्ट्रिय अभियानको दोस्रो केन्द्रीय अधिवेशनको उद्घाटन-समारोहमा बक्सेको भाषण

**अध्यक्ष तथा प्रतिनिधि पञ्च कार्यकर्ताहरू,**

निर्दलीय पञ्चायती व्यवस्थाको प्रादुर्भाव भएपछि राजनैतिक क्षेत्रमा संकुचित स्वार्थको सट्टा बृहत् राष्ट्रिय स्वार्थ, अनुशासनहीनताको सट्टा संयम, आपसी तनावको सट्टा मेलमिलाप र होहल्लाको सट्टा वास्तविक रचनात्मक सेवाको आवश्यकताको बोध गरी गाउँ फर्क राष्ट्रिय अभियानको सूत्रपात भएको हो । राष्ट्रिय हित र एकतालाई अझ बढी सघाउ पुरचाई जनताको निम्ति जनताद्वारा जनशक्तिलाई परिचालन गरी देशको जनस्तर उठाउन विकासको निम्ति राजनीति हुनु पर्छ भन्ने सिद्धान्तको आधारमा हामीले गाउँफर्क राष्ट्रिय अभियानमा संशोधन गरेका थियौं । यसैले गाउँफर्क राष्ट्रिय अभियानको संशोधनपछि आयोजित यो केन्द्रीय अधिवेशनले विशेष महत्व राख्ने कुरा निर्विवाद छ ।

गाउँफर्क राष्ट्रिय अभियान व्यवस्थाको वैचारिक तथा कार्यमूलक योजना समेत भएकोले दृढ रचनात्मक नैतिक आधारमा चलाइएका गतिविधिहरूबाट जनआकांक्षालाई व्यक्त गर्नु यसका मौलिक सिद्धान्तहरूमध्ये एक हो । राजनीतिलाई विकासको निम्ति परिचालन गर्ने उद्देश्य परिपूर्तिको लागि आज गाउँफर्क राष्ट्रिय अभियान कार्यक्रमका दश–सूत्रीय मुख्य आधारहरूलाई समस्त पन्च र वर्गीय संगठनका कार्यकर्ताहरूले आफ्नो मूल मन्त्र सम्झी मनन, चिन्तन र कार्यान्वयन गर्नु परेको छ । यस अभियान अन्तर्गत हामीले गर्नु पर्ने समस्त काम, कर्तव्य र गतिविधिहरू यी नै दश–सूत्रमा समावेश भएकाले चिन्तन र मननद्वारा यिनीहरूको वास्तविक मर्म र आकांक्षा बुझी यसै अनुसार काम गर्न सकेमात्र नेपाल र नेपालीको सच्चा सेवा र विकास हुन सक्नेछ भन्ने हामीलाई विश्वास छ । राष्ट्रियता र राष्ट्रिय एकताको भावना सुदृढ र व्यापक बनाउने, निर्दलीयता र असंलग्नताको सिद्धान्त अनुरूप आचरण गर्ने, भ्रष्टाचार निवारण गर्ने, ग्रामीण समाजमा चेतना जगाउने, भूमिसुधार र मुलुकी ऐनको सफल कार्यान्वयन गर्ने, साझा र सहकारिताको विस्तार गर्ने, वृक्षारोपण गर्दै वन्यजन्तुको संरक्षण गर्ने, कृषि उत्पादन बढाउने र घरेलु उद्योगको विस्तार गर्ने उद्देश्य लिएका यी दश–सूत्रहरूमा व्यवस्थाका राजनैतिक, सामाजिक तथा आर्थिक पक्षहरू समावेश भएका छन् ।

संशोधित कार्यक्रम अनुसार गाउँफर्क राष्ट्रिय अभियानमा व्यवस्थाका कार्यकर्ताहरूको मूल्यांकन र सचेतकको भूमिका समेत रहेकोले यसका कार्यकर्ताहरूले आफूलाई पूर्वाग्रही विचारबाट नबिटुल्याई पन्चायती सिद्धान्त अनुकूल आवश्यक गुणहरूले सुसज्जित पार्नु परेको छ। संगठनात्मक एकता, अनुशासन, सिर्जनात्मक शक्ति, रचनात्मक काममा ठोस सेवा र स्वच्छ सार्वजनिक जीवन जस्ता अनुपम गुणहरूलाई व्यवहारमा अपनाएर नै पन्च कार्यकर्ताहरू विकासका आफ्ना कार्य क्षेत्रमा सफल हुनेछन् र यसैबाट नै उनीहरूको इज्जत र प्रतिष्ठा स्वतः बढ्ने कुरा पनि निर्विवाद छ ।

अन्त्यमा, हामी यस कुरामा विशेष जोड दिन चाहन्छौं कि प्रत्येक नेपाली जन्मैदेखि स्वतन्त्र भएर हुर्किएको हुन्छ र आफ्ना पुर्खाको रगत पसीनाले रक्षा गरेको राष्ट्रिय स्वतन्त्रताको माया उसको आफ्नो मुटुभन्दा प्यारो हुन्छ। त्यसैले, प्रत्येक पन्चले देशमा राष्ट्रिय जनजागरणल्याई व्यवस्थाभित्र आपसी एकता र अनुशासन कायम राखी रचनात्मक सेवामा कार्यरत रहनु पर्ने आजको समयको माग हो। यस अधिवेशनले यस कुराको स्पष्ट मार्गदर्शन गर्नमा सफलता प्राप्त गरोस्– यही हाम्रो शुभ कामना छ ।

जय नेपाल ।

काठमाडौं

आश्विन ३ गते, २०३१

# गाउँ फर्क राष्ट्रिय अभियान

## केन्द्रीय समितिका

## अध्यक्षज्यूको

# स्वागत भाषण

## गा. फ. रा. अ. केन्द्रीय समितिका अध्यक्षज्यूको स्वागत भाषण

राष्ट्रनायक **श्री ५ महाराजाधिराज** सरकार, श्री ५ बडा महारानी सरकार, राजपरिवार, महामहिम राजदूतहरू, प्रतिनिधि तथा पर्यवेक्षक पंच कार्यकर्ता सहयोगीहरू, पत्रकार बन्धुहरू, महिला तथा सज्जनवृन्द !

आज राष्ट्रनायक **श्री ५ महाराजाधिराज** सरकारबाट असीम निगाह गरी गाउँफर्क राष्ट्रिय अभियानको दोस्रो केन्द्रीय अधिवेशनको समुद्घाटन समारोहमा सवारी भइबक्सी मौसूफबाट यस अधिवेशनलाई गौरव तथा गरिमा प्रदान गरिबक्सेकोमा गाउँ फर्क केन्द्रीय समिति र अधिवेशनमा भाग लिने प्रतिनिधिहरूका तर्फबाट मौसूफ सरकारका जुनाफमा सभक्ति अभिवादन र कृतज्ञता बिन्ति चढाउँछु, हार्दिक स्वागत गर्दछु ।

राष्ट्रपिता श्री ५ त्रिभुवनबाट स्थापित गरिबक्सेको प्रजातन्त्रको सुदृढीकरणका लागि स्व० श्री ५ महेन्द्रबाट जनआकांक्षा, राष्ट्रिय संस्कृति र युगको माग अनुसार प्रतिष्ठापित निर्दलीय पन्चायती प्रजातन्त्रको कार्यक्रमको रूपमा सं० २०२४ सालमा गाउँ फर्क राष्ट्रिय अभियान आएकोले हामी पंच कार्यकर्ताहरूलाई अदम्य उत्साह प्राप्त भएको छ। गाउँ फर्क राष्ट्रिय अभियानले विकासको क्षेत्रमा केही उल्लेखनीय ठोस उपलब्धि हासिल गर्नका साथै जन–जीवनमा भावनात्मक रूपले आफ्नो कर्तव्य पालनप्रति कर्मठता, अधिकारप्रति नवचेतना र राष्ट्रिय स्वाभिमानप्रति सतत जागरूकता ल्याएको छ ।

लोकसम्मतिमा आधारित प्रजातान्त्रिक पंचायत व्यवस्था आज नेपाली जन–जीवनको अभिन्न अंग भइसकेको तथ्य सबैले अनुभव गरेको नै हो। नेपालको इतिहासको उषाकालदेखि नै राजमुकुटको छत्र छायामा राष्ट्रिय गौरवको श्री वृद्धि गर्दै आफ्नो सार्वभौमिक स्वतन्त्रताको संरक्षण गर्न पूर्ण समर्थ हामी विश्वविख्यात नेपालीले राजमुकुटको छत्रछाया र नेतृत्वमा नै आफ्नै ढंगको राजनैतिक दर्शनको माध्यमद्वारा उज्ज्वल नेपालको परिकल्पनामा मनसा–वाचा–कर्मणा पूर्ण निष्ठवान् हुनु देशभक्त नेपालीहरूको स्वाभाविक राष्ट्रिय चरित्र हो। यसैकारण आफ्नो राष्ट्रिय संस्कृति अनुरूप मौलिक राजनैतिक सिद्धान्तले परिपोषित प्रजातान्त्रिक पंचायत व्यवस्थाले शोषणरहित समाज निर्माण गर्ने महान् उद्देश्यपूर्तिका लागि श्री ५ को गतिशील एवं सक्रिय नेतृत्वलाई अपरिहार्य आधार स्वीकार गरी निर्दलीयता, वर्गसमन्वय र विकेन्द्रीकरणलाई लक्ष्य प्राप्तिको माध्यमका रूपमा अपनाइएको छ । आज प्रजातान्त्रिक पंचायती व्यवस्थाले विश्वमा प्रचलित राजनैतिक दर्शनमा एउटा नयाँ अध्याय थपी राजनीतिक मनीषिहरूका लागि चिन्तनको नयाँ सामग्री प्रस्तुत गरेको छ ।

यसै वर्षको फागुन महीनामा सुसम्पन्न हुने राष्ट्रिय गौरव तथा परम्परामा आधारित शुभ राज्याभिषेक समारोह बडो हर्ष तथा उल्लासका साथ राष्ट्रिय महोत्सवको रूपमा मनाउन पाउँदा हामी स्वाभिमानी राजभक्त नेपालीहरू आनन्दमा विभोर छौं ।

राष्ट्रनायक सरकारबाट हामी पंच कार्यकर्ता प्रतिनिधिहरूलाई जुन प्रेरणाको आधार निगाह भइबक्सेको छ, त्यसका लागि हामी सम्पूर्ण पंच चिर ऋणी छौं। सरकारबाट समय-समयमा बक्सेको निर्देशनले हामीलाई आत्मबल प्रदान गरेको छ । राष्ट्रनायक सरकारबाट बक्सेको निर्देशन दृढताका साथ कार्यान्वयन गर्न पंचायती दर्शनमा दृढ आस्था राख्ने हामी पंच कार्यकर्ताहरू यस अधिवेशनमा आफ्नो संकल्प फेरि दोहऱ्याउँ ैं र भावी कार्यक्रमका लागि ठोस निर्णय लिन महान् बल मिलेको छ भनी मौसूफ सरकारमा सभक्ति बिन्ति चढाउँछु र उपस्थित आमन्त्रित महोदयहरूको हार्दिक स्वागत गर्दछु । जय देश, जय नरेश !

# गाउँ फर्क राष्ट्रिय अभियान

## दोस्रो केन्द्रीय अधिवेशन

२०३१

द्वारा

# पारित कार्यपत्र

अधिवेशनमा प्रस्तुत कार्यपत्रहरूमा प्रतिनिधिहरूबाट केहो सुझाउ र संशोधनहरू समयभित्रै प्राप्त भए अनुसार संबन्धित संशोधन सम्बन्धो प्रस्तावकर्ताहरूलाई समेत छलफलमा समावेश गराई गरिएका संशोधनहरू यसैसाथ समावेश गरो प्रस्तुत गरिएका छन् । साथै कार्यपत्रको लागि भूमिकाको आवश्यकताको सुझाउ प्राप्त भए अनुसार सो भूमिका समेत यसैंमा समावेश गरिएको छ ।

# भूमिका

"विकासको निम्ति राजनीति आज हाम्रो उद्देश्य हुनु परेको छ । यही नै पंचायत व्यवस्थामा सुधार र सुदृढीकरणको पहिलो पाइलो हुन सक्छ" **श्री ५ महाराजाधिराज सरकारबाट** निगाह गरिबक्सेको यस निर्देशनलाई समुचा दृष्टिले हेर्दा निर्दलीय पंचायती प्रजातन्त्रको राजनैतिक पक्ष, शोषणरहित समाज संरचनाको आर्थिक पक्ष र विकासशील जनशक्ति परिचालनका पक्षहरू परस्पर आबद्ध छन्। यसको सम्पूर्ण आधार नै विकासमूलक राजनीति हो। साथै स्व. **श्री ५ महेन्द्रबाट** बक्सेको गाउंफर्क कार्यक्रमका दश सूत्र नै हामी पंच कार्यकर्ताहरूका महामन्त्र हुन्। उपदेशक नभै उदाहरण हुने मौसूफ सरकारको महान् भावना अनुसार यो अधिवेशनमा हामीले यिनै सूत्रहरूलाई आफ्नो जीवनमा कति उतारयौं र समाजमा कति पुरयाउन सक्यौं, यसको निम्ति के व्यवधान देखिन वा पर्न आए, यसैलाई सिंहावलोकन, मनन, चिन्तन गरेर निदान पैल्याई त्यसमा दत्त, चित्त हुनु अधिवेशनको उद्देश्य हो । सचेतक एवं मूल्यांकन परिपाटी युक्त गाउँफर्कको उद्देश्य प्राप्त गर्न यस अधिवेशन समक्ष वर्तमान राजनैतिक-आर्थिक र जनशक्ति परिचालनका पक्षहरूलाई प्रस्तुत गरिएको छ ।

# देशको वर्तमान राजनैतिक स्थिति

आफ्नै मौलिक राजनैतिक दर्शन नभएको कुनै पनि राष्ट्र सम्पूर्ण रूपमा स्वतन्त्र, आत्मनिर्भर र स्वाभिमानी रहन सक्दैन । आज आधारभूत सिद्धान्तहरूले सुसज्जित पंचायत व्यवस्था आफ्नो निर्दिष्ट दिशातिर अघि बढ्ने कार्यमा सक्रिय छ। पंचायत जस्तो एउटा मौलिक राजनैतिक व्यवस्थाको संचालनका लागि यसका आवश्यक पक्षहरू जस्तै लक्ष्य निर्धारण, राष्ट्रिय नेतृत्व तथा संगठन र कार्यक्रमका विधिविधानका विषयहरू दृढ आस्था र विश्वासका साथै प्रतिपादित भइसकेका छन्। शोषणरहित समाजको सिर्जना गर्ने मुख्य उद्देश्य राखेर निर्दलीयता वर्गसमन्वय र विकेन्द्रीकरणको माध्यमद्वारा **श्री ५** को सक्रिय एवं गतिशील नेतृत्वको अपरिहार्य आधारमा आज लोक सम्मतिमा आधारित प्रजातान्त्रिक पंचायत व्यवस्था नेपाली जनजीवनको अभिन्न अंग भइसकेको सर्वविदित छ ।

आफ्नो मौलिक राज्य दर्शनको सिद्धान्तले परिपोषित प्रजातान्त्रिक पंचायत व्यवस्थाले विश्वको राजनैतिक दर्शनको इतिहासमा एउट नयाँ अध्याय थपेको छ। व्यापक जनक्षेत्रलाई अंगालेर अधिराज्यका सम्पूर्ण क्षेत्रमा आफ्ना अधिकार र कर्तव्यप्रति चेतना र जागरण फिजाउनमा यो व्यवस्था सफल भएको छ भन्नमा अत्युक्ति नहोला। यसै गरी हाम्रो भूराजनैतिक स्थितिले समेत परिपक्व पारेको असंलग्न परराष्ट्र नीतिको सफलताले राष्ट्र गौरवान्वित भएको छ । सामन्तकालीन अर्थ-व्यवस्था र विधिव्यवहारमा शताब्दियौंदेखि कुँजिएको समाजलाई मुक्त गर्ने अभियानको क्रममा विभिन्न वर्ग, वर्ण, लिंग र जातिका बीच कुनै भेदभाव नगरी यसले नेपाली समाजलाई कानूनी राज्य प्रदान गरेको छ र देशको सन्तुलित एवं सर्वतोमुखी विकास गर्ने प्रयासमा अघि बढ्न मुलुकी ऐन र भूमिसुधारले तैयार पारेको परिस्थिति यस व्यवस्थाको पहिलो वरदान भएको छ । राष्ट्रिय आकांक्षा र आवश्यकतानुरूप नेपाली मात्रको जीवन स्तरलाई माथि उठाउन तथा नेपाललाई राष्ट्रिय र अन्तरराष्ट्रिय रूपमा आत्मनिर्भर बनाउन राजनैतिक, आर्थिक, सामाजिक, प्रशासनिक तथा भौतिक र भावनात्मक सबै क्षेत्रमा मौलिक विधि र प्रक्रियाका प्रयासहरू भइरहेका छन् ।

पंचायत व्यवस्थाको उपलब्धिले व्यापक क्षेत्र ओगटेको छ। चेतना र जागरणको वृद्धि अनुसार नयाँ-नयाँ आवश्यकता एवं समस्याको अनुभव हुँदै जानु पनि स्वाभाविक प्रक्रिया नै हो। तथापि राष्ट्रिय प्रतिभा र भूराजनैतिक स्थितिको वास्तविकतालाई नबुझेका र बुझ्न इन्कार गरेका पंचायत बाहेकका राजनैतिक वादको आकर्षण र प्रभावमा परेकाहरूको दुष्प्रयत्नले गर्दा भरखरमात्र प्रवर्तित प्रजातान्त्रिक पंचायती दर्शनका अभ्यासी हामी पंचहरूलाई निकै ठूलो र गंभीर किसिमका भौतिक र भावनात्मक दवाव एवं विरोधको मुकाविला गर्नु परेको छ । साथै अभावै अभावले ग्रस्त हाम्रो जस्तो पिछडिएको नेपाली समाजलाई उँभो लगाउने सन्दर्भमा हाम्रा अज्ञानता, गरीबी, रूढीवादिता तथा सीमित साधन एवं दक्षताको अभाव आदि समस्याहरूले हामीमा पार्न सक्ने वाधा-अडकाउहरूको पनि सामना गर्दै जानु परेको छ ।

पंचायत पद्धति प्रजातान्त्रिक राजनैतिक व्यवस्था भएकोले देशमा देखापरेका राजनैतिक समस्याहरूको समाधान पनि राजनैतिक ढंगबाट हुनु पर्ने अनिवार्यताको पृष्ठभूमिमा पंचायत, वर्गीय संगठन तथा व्यवस्थाका राजनैतिक निकायहरूलाई अझ बढी जनमुखी र उत्तरदायी बनाई संस्थागत विकास गरी तिनको राजनैतिक परिचालन जुन मात्रामा र जसरी हुनु पर्ने हो भइरहेको छैन भन्ने भावना र प्रशासनिक दवावको अनुभव पंच कार्यकर्ताहरूबाट प्रकट गरिएको छ। विभिन्न तहमा अत्यावश्यक नेतृत्वको विकास गराएर नै राजनैतिक निकायहरूको राजनैतिक परिचालन सम्भव हुने देखिन्छ। यसको लागि उचित वातावरणको सृजना गर्नुँ परेको छ ।

व्यवस्थाका आदर्शमध्ये महत्वपूर्ण स्थान ओगट्ने विकेन्द्रीकरणको कार्यान्वियन पक्ष कमजोर रहेको छ। यो महत्वपूर्ण कार्यक्रमलाई यथाशीघ्र प्रभावपूर्ण ढंगबाट लागू गर्नु पर्नेमा कताकता केन्द्रीकरण भइरहेको जस्तो देखिन्छ। राजनैतिक निकायहरूमाथि पूर्ण रूपमा विश्वास गरिन् पर्दछ। कारण विश्वासबाट नै कार्यक्षमता, सक्रियता र उत्तरदायित्वको भावनाको सृजना हुन्छ।

राष्ट्रियता र राष्ट्रिय एकतालाई सर्वोपरि मानेर संचालित निर्दलीय व्यवस्थाका कार्यकर्ताहरूमा हुनु पर्ने बलियो एकतालाई आवश्यक मात्रामा बढाउन सकिएको छैन। यसले गर्दा संविधानद्वारा परिलक्षियत महान उद्देश्यहरूको प्राप्तिमा अनेकन विध्नवाधाहरू खडा भइरहेका छन्।

मूल रूपमा अझ अधिराज्यभरि अति दुर्गम कुनाकाप्चा र डाँडा-काँडासम्म पनि व्याप्त रहेका व्यवस्थाका निकायहरू र लाखौंलाख पंच कार्यकर्ताहरूको समूह रहँदारहँदै पनि विकासको निमित्त व्यापक जनशक्तिको परिचालन हुन सकेको देखिदैन।

आज अनेक कुराहरूमा पंचहरूको चिन्तायुक्त अभिव्यक्ति पाइन थालिएको छ। **श्री ५** को नेतृत्वमा राष्ट्रले आर्जन गरेको जगत्प्रतिष्ठा पाएर पनि हामीले व्यवस्थाको आवश्यकता, लक्ष्य र उपलब्धिका विशेषताहरू विश्व जनमानसको अगाडि जुन रूपले प्रस्तुत गर्न सक्नु पर्ने हो, त्यो गर्न नसकेको वा नगरेको पाइन्छ। पंचायत व्यवस्था निर्दलीय तथा मौलिक किसिमको भनेर मान्दामान्दै पनि कहिलेकाहीं यत्रतत्र देखिने चरित्र र प्रवृत्तिहरू दलीय व्यवस्थाबाट अनुकरण गरिएका तथा प्रभावित भएका जस्तै देखिन्छन्।

व्यवस्थाको आदर्शमा कुनै त्रुटि छैन। कार्यक्रम र योजनाको कुनै अभाव छैन। तर पनि सिद्धान्त र व्यवहार एवं नीति र कार्यान्वयनमा तालमेल नमिलेकोले केही गह्रौं समस्यालाई बोकेर पंचायतले अगाडि बढ्नु परेको छ। कार्यान्वयनमा निरन्तर सक्रियता रहन नसकेकोले— कार्यक्रमका प्रक्रियाहरूमा त्रुटिहरू पस्न पाइरहेका छन् र यस्तो नभइदिएको भए भूमिसुधारले शोषणरहित समाजको सृजना गर्ने एउटा राष्ट्रिय औद्योगिक समाजको निर्माण नगर्दै शिथिल हुनु पर्ने थिएन। यी उदाहरणहरूबाट सतर्क हुनु परेको छ। कुनै पनि योजना र कार्यक्रमको कार्यान्वियन गर्ने काम कार्यकर्ता र राष्ट्रसेवकहरूको भएकोले उनीहरूलाई सक्रिय गराउन पर्याप्त प्रेरणा र प्रोत्साहन दिनु परमावश्यक छ।

भूमिसुधार, मुलुकी ऐन र राष्ट्रिय शिक्षा पद्धति जस्ता क्रान्तिकारी आर्थिक र सामाजिक कार्यक्रमहरूलाई परिचालन गर्न पाएर पनि राष्ट्रिय अर्थप्रणाली र सामाजिक सन्दर्भलाई शोषणरहित समाजको सृजना गर्ने दिशातिर मोड्नलाई परेको अप्ठेरो, थिचाई अनुभव गरिन लागिएको छ। यसै गरी राष्ट्रियस्तरका विभिन्न योजना एवं कार्यक्रमहरू निर्विवादीय रूपमा अभियान चलाउनु पर्ने कुरामा अधि बढ्दै जान सक्रिय हुनु परेको छ।

वास्तवमा नयाँ दर्शन र सिद्धान्तको प्रतिपादन हुँदा, युग र समाजलाई नयाँ मोड दिने क्रान्तिकारी कार्यक्रमहरू लागू गर्दा अनकन विध्नवाधा र संकटका घडीहरूलाई व्यहोर्दै जानु पर्ने हुन्छ। त्यसै गरी एउटा मौलिक किसिमको राजनैतिक व्यवस्थालाई प्रतिस्थापित गर्ने राज्यसत्ताको संचालन गर्दा रूढिग्रस्त र राजनैतिक पूर्वाग्रही नै व्यवस्थाविरोधीको रूपमा खडा हुने गर्दछन्। तिनीहरूको सक्रियता परिस्थिति अनुसार कहिले घटी र कहिले बढी हुने मात्र हो। शुरूदेखि नै पंचायती व्यवस्थाको विरुद्ध संगठित राजनैतिक आक्रमण बौद्धिक र विध्वंसात्मक रूपमा जारी छ। यस सन्दर्भमा सारा देशवासीहरूले विशेष गरी पंच कार्यकर्ताहरूले एक जूट भई यो विरोधी तत्वहरूको मुकाबिला गर्नु परेको छ। यो समयको र परिस्थितिको माग हो।

संक्षेपतः पंचायत व्यवस्थाको प्रादुर्भाव भएपछि पंच कार्यकर्ता लगायत सम्पूर्ण देशवासीमा राष्ट्रको सर्वतोमुखी उत्थानप्रति जुन आस्था र विश्वासको उदय भएको छ, त्यो विश्वास र आस्थालाई समृद्ध गराउन जे जति गर्नु र हुनु पर्ने हो त्यति गर्न र हुन सकेको छैन कि भन्ने भावना बोध भए जस्तो छ।

आजको यो सबै राजनैतिक स्थितिले कार्यकर्ताहरूको सक्रिय सक्षमताको माग गरिरहेको छ। यसैले हाम्रो राजनैतिक समाधानको निष्कर्ष व्यवस्थाका कार्यकर्ताहरूमा उन्नत चारित्रिक गुणहरूको विकास, बौद्धिक क्षमतामा वृद्धि, निर्भीकता, आत्मविश्वास र आत्मबलले युक्त

र लक्ष्य प्राप्तिप्रति निरन्तर लगनशीलता एवं सर्वोपरि रूपमा पंचायत दर्शनप्रति अनन्य आस्था र विश्वास भएको गराउनु नै मुख्य उद्देश्य हो । यी चारित्रिक गुणले युक्त अनुशासनबद्ध पंच कार्यकर्ताहरूका समूहले मात्र गाउँ फर्क राष्ट्रिय अभियानमा उल्लिखित दश सूत्रहरू अनुसार आचरण गरी जन-आस्था र विश्वास प्राप्त गर्न सक्नेछ । हाल देशमा नयाँ पीढी व्यवस्थाबाट बढी आकर्षित हुन नसकेकोले यस तथ्यलाई साथै देशमा तुलनात्मक दृष्टिले पिछडिएका समूहलाई द्रुततर गतिले माथि ल्याउन पनि नयाँ प्रयास हुनु पर्ने देखिन्छ।

व्यवस्थाका कार्यकर्ताहरू जनमुखी र जनसेवी हुनु आवश्यक मात्र होइन, साथै अनिवार्य पनि छ। निर्दलीयतामा आधारित पंचायत दर्शन गतिशील छ। यसका प्रक्रियाहरूमा समय-समयमा देखिएका त्रुटि एवं कमजोरीहरूमा सुधार हुँदै आएकै छ। जन-आकांक्षा र आवश्यकता-अनुरूप समयोचित सुधार र सुदृढीकरण हुनु पर्ने भन्ने कुरा निर्विवाद छ ।

माथि लेखिएका पृष्ठभूमि र उपलब्धिबाट शिक्षा लिंदै तत्काल देखिएका समस्याहरूलाई समाधान गर्ने यस्तो अनुकूल वातावरणको सृजना गर्ने जसलाई यो अधिवेशन पंच कार्यकर्ताहरूलाई एकताबद्ध र अनुशासित बनाई निर्वाचन गर्ने संस्थाहरूप्रति उत्तरदायी गराउन, जनता-लाई जागरूक बनाउन र नैतिक जिम्मेवारी वहन गराउन, त्रुटिलाई सकारेर दोहरिन नदिन, जनप्रिय हुन, गुणको विकास गर्ने, कार्यकर्ताहरूमा देखिन थालेको निराशा एवं शिथिलताको ठाउँमा आशा तथा आत्मविश्वास र सक्रियताको संचार गर्ने र पंचायत तथा विभिन्न वर्गीय र व्यावसा-यिक संगठनका सभा सम्मेलनहरू तथा संयुक्त सम्मेलन औ परिषद्हरूबाट पारित प्रस्तावप्रति बढी सजग हुन "मूल्यांकन" परिपाटी सहितको गाउँ-फर्क राष्ट्रिय अभियानले सक्रिय भूमिका खेल्ने छ भन्ने विश्वास व्यक्त गर्दछ ।

## शोषणरहित समाजको लागि अर्थनीति

पंचायती व्यवस्थाले शोषणरहित समाजको सिर्जना गर्ने एउटा महान लक्ष्य राखेको छ। यो लक्ष्य सुगमतासंगै एक दशक वा केही वर्षहरूमा पूरा हुन सक्तैन। यसको लागि निरन्तर प्रयास जारी राख्नु पर्ने कुरा स्वतःसिद्ध छ।

व्यवस्थाको उद्देश्य "शोषणरहित समाज" रहेकाले तमाम किसिमका शोषणहरूलाई वर्गसंघर्ष विना कानून नियमको आधारमा राज्य यन्त्रद्वारा क्रमशः समाप्त गर्नु हो ।

जुन देशमा जस्तो किसिमको राजनैतिक व्यवथा हुन्छ, त्यहाँ त्यस्तै किसिमको अर्थनीतिको निर्माण नभै नहुने एउटा अनिवार्य आवश्यक शर्त हो। यदि राजनीति अनुरूप अर्थनीति र त्यस्तै संस्कृतिको निर्माण हुन सकेन भने परिणाममा त्यो राजनीतिको अस्तित्व रहन सक्दैन ।

त्यसैले हजारौं सालदेखि जरो गाडी रहेको सामन्ती अर्थनीति र संस्कृतिको ठाउँमा वास्तवमा २०१७ सालपछि नै देश, काल, परिस्थिति सुहाउँदो एउटा विशेष व्यवस्था निर्दलीय पंचायती व्यवस्थाको स्थापना भयो र पंचायती व्यवस्थाको आधार, **श्री ५** को गतिशील एवं सक्रिय नेतृत्व र आधारभूत माध्यमहरू निर्दलीयता, वर्गसमन्वय र विकेन्द्रीकरण रहेको छ। यही पृष्ठभूमिमा राजनैतिक, आर्थिक र सामाजिक सुधार गरी शोषणरहित नेपाली समाजको सिर्जना गर्न थालिएको हो ।

यही अनिवार्य आवश्यकताले गर्दा नै २०१७ सालपछि राजनैतिक कामको साथसाथै, मुलुकी ऐन, भूमिसुधार र विकेन्द्रीकरण जस्ता महत्वपूर्ण ठूलठूला ठोस कार्यक्रमहरू संचालन गरिए। यसै गरी २०२४ सालमा "गाउँ फर्क राष्ट्रिय अभियान" को कार्यक्रम आयो र त्यसले विशाल जन-जागृतिको लहर पैदा गरी एउटा नयाँ राष्ट्रिय संस्कृतिको निर्माण गर्न आँटेको हो ।

यसरी व्यवस्थाको शुरुआतदेखि नै शोषणरहित समाजको सिर्जना गर्ने तर्फ गहन कदमहरू नचालिएका होइनन् । नेपाल जस्तो कृषि प्रधान मुलुक जहाँ झण्डै ९० प्रतिशत जनसंख्याको जीवन निर्वाह यस क्षेत्रमा निर्भर रहन्छ र राष्ट्रिय आयको झण्डै दुई तिहाईको उत्पादन हुन्छ, त्यस

क्षेत्रमा शोषण कम गर्दै लैजानु पहिलो र सबभन्दा ठूलो चुनौती हो । यस तथ्यलाई मनन गरेर २०२१ सालमा भूमिसुधार ऐनको तर्जुमा गरी स्वर्गीय श्री ५ महेन्द्रबाट वृहद् भूमिसुधार कार्यक्रमको शुरुआत गरिबक्स्यो ।

जबसम्म आर्थिक र सामाजिक क्षेत्रमा विषमता रहन्छ र सरकारी वा गैरसरकारी क्षेत्रबाट हुने प्रयासहरू धनी र गरीब, ठूलो र सानो बीचको विषमतालाई अन्त गर्ने तर्फ अग्रसर होइन्न, तबसम्म समाज गतिशील हुन सक्दैन र आर्थिक उन्नति न्यायपूर्ण पनि हुन नसक्ने कुरा स्वतःसिद्ध छ। पंचायत व्यवस्थाले राजनैतिक क्षेत्रमा सबैलाई समान अवसर दिएको छ भने त्यसको उचित फाइदा सबै वर्गले उठाउनको लागि उनीहरूलाई आर्थिक र सामाजिक दृष्टिकोणबाट पनि माथि उठाउने प्रयास नहुन्जेलसम्म व्यवस्थाको लक्ष्य पूर्ति हुन सक्तैन ।

तर हाम्रो जस्तो समाज जहाँ शताब्दियौंदेखि गाउँ जस्तो सामाजिक, आर्थिक र राजनैतिक एकाई देखि लिएर राष्ट्रिय तहसम्म सामन्ती व्यवस्थाको लामो इतिहास छ; यहाँ केवल कानून पारित गरेर वा दुई चार गहकिला कदम लिंदैमा शोषण स्वतः र चाँडो समाप्त हुँदैन। यसको निराकरण गर्ने एकातर्फ शुरुआत गरिएका कार्यक्रमहरूले जनताको जीवनस्तर माथि उकाल्न सक्यो सकेन र शोषण कम गर्दै लान सक्यो सकेन भन्ने कुरालाई पुनरावलोकन गरेर सामुन्ने आएका गतिरोधहरूलाई हटाउँदै अर्कोतर्फ नयाँ कदमहरू चाल्दै जानु पर्नेछ ।

शोषण अन्त गर्ने क्रम एउटा निरन्तर चालु रहने प्रक्रिया हो । यसका मुख्य चार पक्षहरू छन् :

(१) आर्थिक वृद्धिदर र विकासमा सन्तुलन ।

(२) देशको मौजूदा सम्पत्तिको स्वामित्वको बनावट र राष्ट्रिय आयको वितरण व्यवस्था।

(३) आर्थिक विकासको क्रममा देशमा निर्मित थप पूँजीगत सम्पत्ति र आमदानीको वितरण ।

(४) साधनको परिचालन र स्थानान्तरण ।

## १. आर्थिक वृद्धिदर र विकासमा सन्तुलन

विगत दश वर्षमा नेपालको आर्थिक विकासको गति योजनाको तुलनामा सधैं कम देखिएको छ। जनसंख्या वृद्धिदरले आर्थिक विकासको वृद्धिदरलाई उछिन्न लागेको देखिन्छ । यो प्रक्रिया भविष्यमा रहेमा व्यवस्थाको शोषण कम गर्ने आकांक्षामा धक्का लाग्ने कुरा निश्चित छ।

अर्को तर्फ विगत वर्षहरूमा नेपालमा विकासका आधारहरू खडा गर्ने तर्फ भएका प्रयासहरूले गर्दा देशमा बाटो घाटोको सुव्यवस्था बढ्दै गएको छ। नेपाली समाजमा शिक्षित वर्गको संख्या बढ्दैछ, आजका कृषकहरू बढी सचेत छन् भने औद्योगिकीकरणको लागि एउटा नयाँ वातावरणको सिर्जना पनि हुन लागेको छ । तैपनि विकासको लागि विकास गर्ने वा राष्ट्रिय आयको वृद्धि मात्रै देशको उन्नति हो भन्न सकिन्न । शोषणरहित क्रमको शुरुआत गर्नुको मतलब आज जनसाधारणको न्यूनतम आवश्यकता पूर्ति गर्नु पर्ने अनिवार्यता हाम्रो अगाडि न्यूनतम आर्थिक लक्ष्यको रूपमा खडा भएको छ। यसको लागि आवश्यक छ न्यायोचित वितरण व्यवस्था र आर्थिक उन्नति ।

आर्थिक उन्नति भन्नुको मतलब हाम्रो जस्तो मुलुकमा साधनको परिचालन र जन–साधारणमा निहित क्षमता र लगनशीलताको सदुपयोग गर्नु हो । नेपाल सानो मुलुक भएतापनि यहाँ प्राकृतिक साधनको कमी छैन, न त नेपालीहरूमा जाँगर र लगनशीलताको नै कमी छ । यसलाई परिचालन गर्न योजनाबद्ध रूपबाट अगाडि बढ्नु पर्छ र धेरै गाउँमा छरिएका सानातिना श्रम र पूँजीको सदुपयोग गर्ने जनसाधारणलाई एकत्रित गरेर एकै सूत्रमा बाँध्न सक्ने साझा अर्थ व्यवस्थालाई अंगाल्नु पर्ने आवश्यकता छ। यसको माध्यमबाट सानातिना बचत र श्रमहरूलाई संगालेर आर्थिक विकासका एकाईहरू खडा गरचौं भने अहिलेको भन्दा विकासको प्रक्रिया बढी प्रभावकारी र न्यायोचित हुन्छ ।

आर्थिक विकासको जग बलियो र सन्तुलित बनाउने दृष्टिले **श्री ५ महाराजाधिराज**बाट दीर्घकालीन वृहत आर्थिक लक्ष्य र बनावट (Long term macro-economic strategy & structure) बारे खास २ निर्देशन बक्सेको छ। मौसूफबाट देखाइबक्सेको क्षेत्रीय विकासको नीति साथसाथै जीवन निर्वाह गर्ने आर्थिक अवस्थाबाट भौगोलिक विशेषताको सही उपयोग गर्ने आर्थिक बनावटको परिकल्पना बमोजिम योजना बनी सही तरीकाबाट श्री ५ को सरकारले कार्यान्वयन गर्न सकेमा विकासमा क्षेत्रीय असन्तुलनबाट हुने शोषणको प्रक्रिया घट्न सक्नेछ। यस कुरालाई मनन गरी श्री ५ को सरकारले बढी दृढताकासाथ यी नयाँ नीतिहरूलाई कार्यान्वयन गर्नु पर्ने देखिन्छ। यसरी काम गरी क्षेत्रीय शोषण घटेमा विभिन्न जातिको आर्थिक, सामाजिक र राजनैतिक उत्थानमा आज देखिएको विषमता पनि घट्नेछ। यस समस्याले आज समाधान पाएको छैन, तर त्यसलाई बिर्सने समय पनि अब छैन। "यसै सन्दर्भमा ग्रामीण र पिछडिएका क्षेत्र र वर्गबाट आएका व्यक्तिलाई शैक्षिक क्षेत्र, प्रशासनिक क्षेत्र र आर्थिक क्षेत्रमा शहरिया व्यक्तिको दांजोमा बढी मौका, सुविधा र सहूलियत दिन पर्ने देखिन्छ।"

## (२) देशको मौजुदा सम्पत्तिको स्वामित्वको बनावट र राष्ट्रिय आयको वितरण व्यवस्था

आर्थिक शोषणको सबैभन्दा बलियो आधारस्तम्भ जमीनको स्वामित्वमा रहेको सामन्ती व्यवस्था हो। यस व्यवस्थालाई हटाई उत्पादन बढाउनुको साथै सच्चा मेहनत गर्ने किसानलाई उसको मेहनतको उचित पुरस्कार दिन भूमिसुधार कार्यक्रमको सूत्रपात भयो। सामन्ती अर्थ व्यवस्था खतम गर्ने दिशामा निश्चय नै यो पंचायत व्यवस्थाको दरिलो र खंदिलो कदम हो।

भूमिसुधारले कुन हदसम्म आफ्नो उद्देश्य प्राप्तिमा सफलता पाएको छ भन्ने कुराको सही मूल्यांकन हुन अझ बाँकी नै छ। तर साधारणतया यो कदमको कार्यान्वयन सफल भयो भनी चित्त बुझाउने ठाउँ कम छ। उत्पादन योजना अनुसार बढेको छैन र सामन्तहरू जग्गा लुकाउन सफल भएका छन्। सामन्ती व्यवस्थासंग जुझ्न नयाँ आर्थिक संस्थाहरू पनि खडा भए, तर अझै तिनीहरूको कार्य–क्षेत्र देशको गाउँ तहमा पुग्न सकेको छैन। कुत ठेक्ने काम र मोहीयानी सुरक्षा गर्ने काम मोही र जग्गाधनीकै झगडामा अलमलिएको देखिन्छ। व्यवस्थामा किसानको लागि बोल्न र जनस्तरमा काम गर्न खडा गरिएको किसान संगठन व्यवस्था अनुरूप उपलब्ध जनस्तरीय समर्थन र सक्रियतालाई सामन्तीसंग जुझ्ने एक ठोस शक्तिको रूपमा सुचारु हुन सकेन। यही कारणले सिर्फ प्रशासन यन्त्रको निर्देशनमा मात्र रहँदा भूमिसुधार कार्यक्रम सामन्तहरूको वर्गहितको लपेटामा परी प्रगति गर्न नसकी अलमलिएको देखिन्छ। साथै बचत जस्तो सही र उपयोगी कार्यक्रम पनि अव्यावहारिक काम-कुराले भूमिसुधारको माध्यमबाट शोषणसंग भिड्ने लक्ष्यलाई झन् कमजोर पारिदिएको छ। अन्ततोगत्वा वर्तमान आर्थिक ढाँचामा परिवर्तनको लक्ष्य मुख्यतः एक आर्थिक समस्या मात्र नभई सबैभन्दा पहिलो मानवीय समस्या र दोस्रो एक राजनैतिक प्रक्रिया पनि हो। आर्थिक परिवर्तनका लक्ष्यले समाजमा रहेको समन्वय ( Equilibriums ) को बनावटमा निकै खलबली ल्याउँछ। यस परिस्थितिको मुकाबिला गरी आफ्ना आर्थिक लक्ष्य प्राप्ति गर्न बाटोतिर एक नयाँ सामाजिक र आर्थिक समता प्राप्त गर्ने दिशामा बढ्ने बल र प्रेरणा देशको राजनीतिले नै दिनु पर्दछ।

भूमिसुधारबाट आशा गरे जति सफलता प्राप्त नभएपनि किसानहरूमा आफ्नो हकप्रतिको जागरूकता भने बढ्दै गएको छ। अब यस नयाँ चेतनाको सही उपयोग राजनैतिक तवरले गरी भूमिसुधारमा तीव्रता ल्याई भूमिमा सामन्तीको पन्जा निर्मूल पार्ने, बढ्दो जनसंख्यालाई नयाँ काम र माम दिन, भूमिहीन किसानको वर्ग नै नरहने व्यवस्था तर्फ अघि बढ्नु परेको छ। यसको लागि भूमिसुधारको अर्को चरणको शुरुआत गर्नु श्रमजीवीको हित र सुरक्षाको लागि आवश्यक कानूनहरू बनाउन, साझा सिद्धान्तको अनुसरण गरेर आजका श्रमिक भोलिका उद्योगका हिस्सेदार बन्न सक्ने व्यवस्था गर्नु आजको मूलभूत आवश्यकता र अनिवार्यता हो। आगामी वर्षहरूमा उपर्युक्त नयाँ नीति र कार्यक्रम तर्जुमा गरी श्री ५ को सरकारले अगाडि बढ्नु पर्ने भएको छ।

उद्योग क्षेत्रमा योजना गरे अनुसार प्रगति हुन सकेको छैन। तृतीय योजनामा खोलिनु पर्ने कतिपय उद्योगहरू अझै खुल्न सकेका छैनन्। जति खुलेका छन तिनीहरूमा पनि प्रबन्धको कमीले गर्दा राष्ट्रले पाउनु पर्ने फाइदा पाउन नसकेको देखिन्छ।

व्यवस्थाको प्रमुख आर्थिक आधार साझा व्यवस्था हो। सैद्धान्तिक दृष्टिले हेर्ने हो भने व्यवस्थाको शोषण घटाउँदै लैजाने आकांक्षालाई साझा अर्थ व्यवस्थाले बलियो टेवा दिन सक्तछ। मुख्यतः साझा अर्थ व्यवस्थाको माध्यमबाट देशको पूंजीगत सम्पत्तिको स्वामित्व बढी से बढी जन-तामा फैलाई उनीहरूको बचतको उपयोग मात्र होइन कि देशको उत्पादन बढाउन र नयाँ आर्थिक संस्थाहरूको प्रबन्धमा अनुशासन कायम गर्न पनि साझा व्यवस्थाबाट प्रभावकारी प्रगति हुन सक्तछ। तर साझा व्यवस्था लागू गर्दा केही वर्गलाई स्वभावतः हानि पर्ने हुन्छ। उनीहरूबाट भएको प्रभावकारी दवाब विरोधीलाई पन्छ्याउन राजनीतिक एकाई र कार्यकर्तालि नसक्नुको साथै प्रशासनिक उदासीनता र अदक्षताले गर्दा साझा व्यवस्था अन्तर्गत खोलिएका केही संस्थाहरू कार्यक्षेत्रमा जनमुखी हुने दृष्टिबाट निष्क्रिय भएर रहेको देखिन्छ। यस अवस्थालाई विश्लेषण गरी नयाँ नीति र दृढताका साथ साझा व्यवस्थालाई भविष्यमा बढाउने उपायबारे विचार हुनु पर्छ।

आर्थिक विकासको लागि नयाँ संस्थाहरूको स्थापना गर्ने सिलसिलामा विभिन्न निगम र कर्पोरेशनहरू पनि सरकारी स्तरमा खडा भएका छन्। तर निगमहरूको सामाजिक दृष्टिकोणबाट निगमहरूको वास्तविक संस्थाकर हुन अझ बाँकी नै छ। प्रशासनिक कमजोरी र श्री ५ को सरकारको नीति निर्माण र दृढ कार्यान्वयनमा देखिएको खटपटले गर्दा अधिकांश निगम आर्थिक र प्रबन्धको दृष्टिकोणले दयनीय हालतमा छन्। कर्पोरेशन जस्तो आधुनिक संगठन चलाउन चाहिने प्राविधिक ज्ञानको र आर्थिक मान्यताहरूको कमीबाट धेरै सरकारी निगम र संस्था-हरूले जनताबाट समर्थनको सट्टा आलोचना मात्र पाएका छन्। यस स्थितिसंग मुकाबिला गर्न कर्पोरेशनहरूको निर्णय प्रणाली सरकारसंगको सम्बन्ध, आर्थिक अनुशासन र प्रबन्धको दक्षता देखाउने व्यवस्था आदिमा विशेष विश्लेषण र विचार हुनु पर्छ।

## (३) आर्थिक विकासको क्रममा देशमा निर्मित थप पूँजीगत सम्पत्ति र आम्दानीको वितरण

देशमा योजना गरेजति विकास हुन नसके पनि केही विकास क्षेत्र (Growth Poles) भने जरूरै देखिएका छन्। उदाहरणको लागि पर्यटन उद्योग लिन सकिन्छ। त्यस्तै आधुनिक बीउ, मल र यान्त्रिक उपकरणको सुविधाले तुलनात्मक दृष्टिकोणले पूंजीगत विकासका (Relatively Capital Intensive Farming) का साना साना केही उदाहरणहरू कृषि क्षेत्रमा पनि देखा परेका छन।

पूँजीगत कृषि विकासले सीमित कृषि क्षेत्रमा कुल उत्पादन (Total output) बढाउँछ र सिमान्त श्रम उत्पादन (Farming Marginal output of labour) पनि माथि लग्छ। तर यसले कृषिमा श्रमको संख्या घटाउने प्रेरणा दिन्छ र बढ्दो उत्पादन पूंजीगत कृषिक्षेत्रको मात्र सीमित गरी राष्ट्रिय अर्थ व्यवस्थामा आर्थिक असन्तुलन मात्र बढाउँछ।

नेपालको आर्थिक विकासमा सबैभन्दा महत्वपूर्ण प्रश्न बढेको श्रमको उपयोग हो। हाल कृषिमा रहेको श्रमले ३६० दिनमा साला-खाला १२४ दिन मात्र काम गर्दछ। यसको अतिरिक्त १९७० देखि १९९० भित्र करीब २१ लाख नयाँ व्यक्तिलाई हामीले काम दिलाउनु पर्दछ। यस दृष्टिकोणले कृषि उत्पादनमात्र बढाउने नाममा हाल देखिन लागेको पूंजीगत कृषि विकासपट्टि धेरै सोच्नु पर्ने आवश्यकता आएको छ, किन-भने यस नीतिले आउने वर्षहरूमा बेरोजगारी मात्र होइन कि आम्दानीमा असन्तुलन बढाउन पनि सक्नेछ। पूंजीगत कृषि व्यवस्थाबाट हाम्रो जस्तो देशमा हुन सक्ने बढी बेरोजगारीको ख्याल गर्दै र आर्थिक असन्तुलन घटाउँदै देशको अर्थव्यवस्थालाई अगाडि लग्ने हो भने जमीनमा हदबन्दी घटाउनु पर्ने आवश्यकता सोच्ने अवस्था आइसकेको छ। शहरी क्षेत्रमा पनि सम्पत्तिको हदबन्दी लाग्नु अत्यावश्यक देखिन्छ। साथै हाल तराईको कृषिमा आर्थिक पूंजीलाई कसरी पहाडी क्षेत्रमा फलफूल, पशुपालन क्षेत्रमा लग्ने भन्ने दिशामा नयाँ नीतिको तर्जुमा गर्नु अत्याव-श्यक देखिन्छ। यस दिशातिर नसोचेमा अहिले जस्तै भविष्यमा पनि तराईमा आर्जित लगानी पूंजी विदेशतिर बगेर जानेछ।

कृषिमा नयाँ नीतिको तर्जुमा गर्दा पहिलेको भूल दोहरिनु हुँदैन। अर्थात् नयाँ नीतिको लागि राजनैतिक वास्तविकताको सही विवेचना नगरी खालि आर्थिक पक्षमा मात्र सबै ध्यान केन्द्रीभूत गर्नु बुद्धिमानी हुँदैन। आम्दानीको पूंजीगत स्रोतको स्वामित्व बढी से बढी जनतामा

पुरयाउन साझा अर्थ व्यवस्था बाहेक बैंकले ऋण दिने प्रथामा नयाँ सजगता देखाउन पर्ने देखिन्छ। यस क्रममा बैंकहरूले निम्न आर्थिक वर्ग-लाई जुन माल खरीद गर्न ऋण दिइन्छ त्यसैलाई धितो लिई बैंकले ऋण दिने व्यवस्था भए मात्र गरीबहरू धनी हुन सक्दछन् र शोषणरहित समाजको सृजना गर्न मद्दत पुग्नेछ।

कृषि बाहेक उद्योग र (पर्यटन) यातायात क्षेत्रमा पनि नयाँ सम्पत्ति र आम्दानीको सिर्जना हुँदैछ। तर साझा अर्थ व्यवस्थाको शिथिलताले यी दुवै क्षेत्रमा सम्पत्तिको स्वामित्व जनस्तरमा पुर्याउने दिशामा लग्न हाम्रो राजनीति सफल भएको छैन। अतः नयाँ आम्दानी केही व्यक्ति अथवा थोरै देशी र विदेशी वर्गको हातमा सीमित हुने प्रक्रियाले जरो गाड्ने देखिन्छ। विशेषतः राष्ट्रको मौजूदा र थप पूंजीगत सम्पत्तिको स्वामित्वमा विदेशीको प्रभाव प्रति हाम्रो राजनीति चनाखो र सतर्क नभए आफ्नै देशभित्र पनि हामी विदेशको बढ्दो आर्थिक प्रभुत्व-मा पर्ने सम्भावना देखिन्छ।

अन्तमा जनसंख्या योजनामा खर्च भएका रकमलाई विकासमा भएको लगानीको रूपमा हेर्ने नीति हामीले स्वीकार गर्नु अत्यावश्यक भइसकेको छ। साथै बढ्दो जनसंख्याको कारण बसोबास एउटा राष्ट्रिय समस्याको रूपमा आइरहेछ। यस सन्दर्भमा सुकुमवासीहरूको बसोबास-लाई वैज्ञानिक तरीकाले व्यवस्थित गरी ती सुकुमवासीको नाउँमा नाजायज फाइदा उठाउनेलाई अविलम्ब रोक्नु परेको छ। साथै विदेशी-हरूलाई गैह्र कानूनी तवरबाट नेपालमा बसोबास गर्न नदिन सक्रिय कदम नचाले आर्थिक समस्या मात्र नभई भविष्यमा देशको अखण्डतालाई-सम्म आंच आउने सम्भावना छ।

## (४) साधनको परिचालन र स्थानान्तरण

विकासको लागि लगानीको स्तर गुणात्मक र संख्यात्मक दुवै किसिमबाट बढेर जानु पर्दछ। यसैले श्री ५ को सरकारले खर्चभन्दा आम्दानी बढाई साधनको परिचालनमा नयाँ कमर्ठता र दृढता देखाउनु पर्दछ। साथै विकास खर्चको बढीसेबढी रकम जनस्तरमा पुरयाउन प्रशासनमा हाल देखिएको शिथिलताको सही कारण बारे गम्भीर चिन्तन हुनु नितान्त आवश्यक देखिन्छ।

प्रशासनले विकास अन्तरगत राखेको खर्चको रकम बढाउँदैमा या नयाँ नीति घोषणा गर्दैमा समस्याप्रति सजगता देखिएको मानिंदैन। खर्चको रकम खर्च भएन भने खर्च बढाएको व्यर्थ भयो। खर्च भए पनि काहाँ कुन प्रोजेक्टमा खर्च भई राष्ट्रले र देशको अधिकांश गरीब जनताले के लाभ उठाए भन्ने कुरा सबैभन्दा महत्वपूर्ण छ। यस दिशामा श्री ५ को सरकारले आन्तरिक साधन परिचालन गर्ने सिलसिलामा नयाँ सजगता देखाउनु पर्दछ। साथै प्रत्यक्ष र अप्रत्यक्ष करको बीचमा रहेको बदलिंदो प्रतिशतले अप्रत्यक्ष करको भार धेरै बढेको देखाउँछ, गरीब जनताको ख्याल गर्न आर्थिक नीतिले यस किसिमको प्रवृत्तिलाई रोक्ने र प्रगतिशील कर प्रणालीतर्फ अरू प्रवृत्त हुन समयमै विचार गर्नु पर्ने देखिन्छ।

आर्थिक क्षेत्रमा अन्तरराष्ट्रिय बजारको अवस्था, मुद्रा सटही दरमा अनिश्चितता, उत्पादनमा ह्रास, बढ्दो जनसंख्याको कारणले गर्दा प्रायः सबै मुलुकहरूमा बजारभाउ बढ्दै गएको क्रमबाट नेपाल पनि अलग रहन सकेको छैन। विभिन्न आन्तरिक कारणहरूले पनि महंगी-को समस्यालाई झन जटिल र कडा बनाइदिएको छ। यस क्रममा देशमा देखिएको महंगी र कृत्रिम अभावले वर्गवर्गको बीच रहेको असमानतालाई अझ बढाइदिएको छ। यस परिस्थितिमा श्री ५ को सरकारले जागरूक भै उत्पादनमा अरू वृद्धि गर्ने उपभोक्ताहरूलाई यथाशक्य सहुलियतहरूमा आव-श्यक मालसामान उपलब्ध गराउने, कृत्रिम अभाव गर्ने व्यक्तिलाई कडा सजाय दिने र इन्धन समस्या समाधान गर्न विद्युतीकरणमा नयाँ लगानी गर्ने तर्फ अविलम्ब ठोस कदम चाल्नु पर्ने भएको छ। यसको लागि दीर्घकालीन समस्या समाधान गर्न व्यापारलाई बढ्दो मात्रामा सामाजिक निय-न्त्रण र सहकारिताको व्यवस्थालाई प्राधान्य दिने कुरामा विशेष ध्यान दिनु पर्ने छ। यसै क्रममा हालै श्री ५ को सरकारले धान, चामल निकासी-लाई संस्थाकरण गर्न चालेको कदम स्वागतयोग्य छ र यो व्यवस्थामा पनि संगठनहरू खडा गरिंदा साझा र सहकारिताको सिद्धान्तलाई ध्यानमा राखिन उपयुक्त हुनेछ।

नयाँ नीतिको निर्माणमा नीति र कार्यान्वयनको दूरीलाई सकेसम्म घटाउनु पर्छ। यसो गर्न नसके जनतामा श्री ५ को सरकारमाथि धेरै शंका र अविश्वास बढ्नेछ र आन्तरिक साधनको परिचालनको ठीक उल्टो असर अर्थ व्यवस्थामा पर्नेछ। साथै विदेशमा लगानी गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने तर्फ गहकिलो कदम चाल्नु पर्दछ ।

विकासको क्रममा कृषिबाट उद्योगमा पूंजी स्थानान्तरण हुनु पर्दछ। यस दिशामा हामीसंग तथ्यांक छैन। तर उद्योगमा निजी क्षेत्रमा भएको लगानी हेर्दा मुख्यतः बचत पूंजी या त कृषिमा जग्गा किन्नमा वा शहरी क्षेत्रमा घर जग्गा किन्नमा नै लगानी भएको देखिन्छ। यस बाहेक कृषि र उद्योगमा आर्जित पूंजी विदेशमा बगेको महसूस हुन्छ। यस परिस्थितिको मुकाबिला गर्न साझा अर्थ व्यवस्थालाई बलियो पारी पूंजीको उपयोग नेपालमै हुने मौकाहरूको सिर्जना गर्न अत्यावश्यक भइसकेको छ ।

माथिको विवेचनाको आधारमा शोषण रहित समाजको निर्माण गर्ने दिशामा केही प्रगति भएको छ तापनि त्यसबाट सन्तोष लिएर बस्ने बेला छैन। आजको नीतिनिर्माण र तिनको कार्यान्वयनमा देखिएको फितलोपनलाई हटाएर आर्थिक समस्याहरूको मुकाबिला गरी राष्ट्रमा नयाँ आशाको किरण चारैतिर देखाउन सक्ने क्षमता वृद्धि गर्नु समयको माग र व्यवस्थाको लागि चुनौती भएको छ ।

## जनशक्ति परिचालन

पंचायत व्यवस्थाको महान् उद्देश्य "शोषणविहीन समाजको" सिर्जना गर्न थालिएका क्रान्तिकारी, राजनैतिक, आर्थिक र सामाजिक कार्यक्रमहरूलाई निर्देशित, नियन्त्रित र योजनाबद्ध तरीकाले सफल पार्दै लान २०१७ सालपछि पंचायत, वर्गीय र व्यावसायिक संगठनहरूको स्थापनाको साथै प्रशासनमा पनि सुधारहरू गरी संगठित रूपमा प्रयास गरिएको छ।

२००७ साल देखि २०१७ सालसम्म विभिन्न दलबन्दी, वर्ग स्वार्थले प्रेरित र विभिन्न दलहरूमा खण्ड खण्ड भै विभाजित राष्ट्रिय शक्तिलाई, एक सूत्रमा बाँधी अघि बढाउने निर्दलीय राजनैतिक विचारधाराको आधारमा **श्री ५** को अपरिहार्य गतिशील एवं सक्रिय नेतृत्वमा राष्ट्रिय एकताको एक सूत्रमा राष्ट्रको समस्त शक्तिलाई एकत्रित र परिचालित गरी एउटा सशक्त राष्ट्रिय अभियान चलाउन प्रातः स्मरणीय स्वर्गीय श्री ५ महेन्द्रबाट २०२४ सालमा "गाउँफर्क राष्ट्रिय अभियान" बक्सिएको हो ।

"गाउँ फर्क" राष्ट्रिय अभियानका १० सूत्रीय कार्यक्रममा राजनैतिक, आर्थिक र सामाजिक अर्थात् भावनात्मक र भौतिक राष्ट्रान्नतिका निमित्त अत्यन्त आवश्यक र समयानुकूल सबै कामकुराहरू समाविष्ट छन् ।

उक्त कार्यक्रमको आधारमा देशका असंख्य ग्रामीण जनतालाई घचघच्याएर बिउँझाउनु, उनीहरूलाई सक्रिय गराई राष्ट्रव्यापी नवजागरण ल्याउन् नै अभियानको मूल उद्देश्य हो ।

२०२४ सालमा स्वर्गीय श्री ५ महेन्द्रको आव्हान हुनासाथ देशव्यापीरूपमा जनता जुरमुराएर उठेका पनि हुन् र भावनात्मक र भौतिक क्षेत्रमा पनि अनगिन्ती कामहरूको शुरुआत पनि भएको हो ।

तर श्री ५ को सरकार, स्थानीय नेतृत्व, जनताको जोश र जाँगरमा राम्रो समन्वय हुन नसकेकोले एकातर्फ जनताको श्रमबाट सिर्जना हुन थालेका निर्माणका कामहरूमा विभिन्न किसिमका उचित सहयोग पुऱ्याउन सकिएन र निर्माण पूरा भएका योजनाहरूको मरमत, संभार हुन सकेन भने अर्कोतर्फ जनताको जोश र जांगरलाई व्यवस्थित निर्देशन र नियन्त्रणको अभावमा सुनियोजित दिशातिर लगाई राख्न सकिएन । साथै विभिन्न विभागबाट अभियानको सन्दर्भमा भएका कामको, जनताको श्रमबाट भएका कामको नेतृत्वदायी संस्था तथा व्यक्तिहरूको उचित मूल्यांकन पनि हुन सकेन। इत्यादि विभिन्न त्रुटिहरूले गर्दा अन्ततः त्यो उत्साह क्रमशः शिथिल हुँदै गयो ।

उपर्युक्त कुराहरूको सिंहावलोकन गरी भएका त्रुटिहरूलाई सकारेर विगत अनुभवको आधारमा "गाउँ फर्क" राष्ट्रिय अभियानका १० सूत्रीय कार्यक्रमलाई राष्ट्रव्यापी अभियान चलाई जनशक्तिलाई परिचालन गर्न संशोधित मूल्यांकन परिपाटी सहितको गाउँफर्क राष्ट्रिय अभियान पुस्तिकामा " **श्री ५** बाट केन्द्रीय समितिलाई बक्सेको निर्देशनको आधारमा पंचायत तथा वर्गीय र व्यावसायिक संगठनका तह अनुसारका विकास कार्यक्रमसित सम्बन्धित जनशक्ति परिचालन सम्बन्धी कार्यक्रमहरूको तर्जुमा गरी उनीहरूलाई जिम्मेवारी र जवाफदेही सहित निर्देशन" दिने उल्लेख भएको छ ।

गाउँ फर्क राष्ट्रिय अभियान र जनशक्ति परिचालनको मनसाय राजनैतिक र सामाजिक कार्यक्रमहरूलाई भावनात्मक रूपमा समय र परिस्थिति अनुकूल निर्देशित र नियन्त्रित ढंगबाट पंचायत व्यवस्थाको सैद्धान्तिक आधारमा राजनैतिक परिचालन गर्नु र राष्ट्रिय योजना आयोग, स्थानीय विकास विभाग, जिल्ला पंचायतहरू र विभिन्न वर्गीय र व्यावसायिक संगठनहरूबाट संचालन गरिने निर्माण विकासका भौतिक कार्यक्रमहरूलाई सहयोग पुरचाउन राजनैतिक टेवाको रूपमा जनशक्तिको परिचालन गर्नु हो ।

तर उपर्युक्त सबै काम कुराहरूमा सक्रिय भूमिका स्थानीय नेतृत्वले नै खेल्नु पर्दछ, अर्थात् पंचायत वर्गीय संगठनका पंच कार्यकर्ताहरू नै जनशक्ति परिचालनका सूत्रधारहरू हुन् ।

त्यसकारण जबसम्म स्थानीय नेतृत्वको विकास हुँदैन, संगठित संस्थाहरूले उत्तरदायित्वपूर्ण जिम्मेवारी पाउँदैनन्, जनप्रतिनिधिहरूले जनमुखी हुने प्रेरणा पाउँदैनन्, विकेन्द्रीकरण अनुसार शासनको तहहरूमा जन-प्रतिनिधिहरूले शरीक हुने अवसर पाउँदैनन्, अभियानका १० सूत्रीय कार्यक्रम अनुकूल कानून-नियमहरू हुँदैनन्, विकास कार्यक्रममा राष्ट्रिय योजना आयोग, स्थानीय विकास विभाग तथा श्री ५ को सरकारको अर्थ सम्बन्धित विभाग, प्रशासन र जिल्ला पंचायत, वर्गीय संगठनहरूको समन्वय हुँदैन, योजनाहरू जनभावना अनुकूल हुँदैनन्, तबसम्म जनशक्तिको परिचालन राम्रोसंग हुन सक्दैन । वर्गीय र व्यावसायिक संगठनलाई आफ्नै खुट्टामा उभिने खालको आर्थिक स्रोतको व्यवस्था र जिल्ला र गाउँ पंचायतलाई स्थानीय समस्याको समाधानको लागि आत्मनिर्भर तुल्याउन जग्गा विकास कर क्रमिक रूपमा लागू गराई गाउँ पंचायत ऐनमा उल्लेखित मिलापत्र गर्ने अधिकार क्रमिक रूपमा प्रदान गरी गाउँ पंचायतलाई मजबूत बनाउन सबै साधनयुक्त व्यवस्था मिलाउनु आजको माग हुन गएको छ ।

जनशक्ति परिचालनको निमित्त उपर्युक्त कुराहरू नै प्रमुख समस्याको रूपमा छन् र उक्त समस्या समाधान गर्नु नै पहिलो महत्वपूर्ण प्रमुख काम भएको छ ।

अनि, गाउँ फर्क पुस्तिकामा सर्वतोमुखी विकासका १० सूत्रीय कार्यक्रम विस्तृत व्याख्यात्मक रूपमा भए तापनि कार्यक्षेत्रमा योजनाको छनौट गर्दा जनभावना अनुकूल र व्यक्ति व्यक्तिको हितको आधारमा दिलचस्पी पैदा हुने सामूहिक फाइदा, योजनाको छनौट कसरी गर्ने र जनतालाई परेका न्यूनतम आवश्यकताका तत्कालीन समस्याका सवाल, अन्याय, अत्याचार, भ्रष्टाचारको मारबाट राहत दिने सवाल, तथा व्यवस्थाविरोधी राजनीतिलाई राजनैतिक तवरमा उन्मूलन गर्ने प्रमुख राजनैतिक सवालहरूको बीच कडी जोड्ने र तारतम्य मिलाई कसरी जनशक्तिको परिचालन गर्ने भन्ने कुरा नै महत्वपूर्ण कुरा हो । ताकि जनता संचेतन रूपमा सक्रिय भई शरीक हुन सकुन् ।

यद्यपि गाउँफर्क पुस्तिकामा "केन्द्रीय समितिले अंचल अभियान समितिहरू मार्फत जिल्ला, गाउँ, नगर अभियान समितिहरूबाट प्राप्त स्थानीय समस्या र आकांक्षाहरू सम्बन्धी अध्ययन-मनन र छलफल गरी श्री ५ को जुनाफमा प्रतिवेदन चढाउने, श्री ५ बाट जायज ठहरचाई बक्सेका आवश्यकताहरूलाई विकास कार्यक्रममा पारी कार्यान्वियन गर्न कार्यतालिकालाई आवश्यक निर्देशन बक्सने र वर्षको १ पटक गाउँ, जिल्ला, अंचल र केन्द्रीय अधिवेशनहरू गर्नु पर्ने उल्लेख छ र यसबाट जनभावना अनुकूल योजनाहरूको तर्जुमा र कार्यान्वियन पनि हुन जानेछ; तर हाल जिल्ला, गाउँ र नगर अभियान समितिहरूको गठन भइसकेको छैन ।

यसैले उपर्युक्त पृष्ठभूमि, अनुभव र देखिएका समस्याहरूको ख्याल राखी यो वर्ष निम्नलिखित कार्यक्रममा प्रमुख जोड दिनु नै उपयुक्तहुनेछ ।

यद्यपि, गाउँफर्क राष्ट्रिय अभियानका १० सूत्रीय कार्यक्रम निरन्तर चलिरहने एक अविरल प्रक्रिया हो ।

## कार्यक्रम

१ गाउँफर्क राष्ट्रिय अभियान, केन्द्रीय समितिले तोकिदिएको प्राथमिकता रकम र समयको आधारमा ७५ जिल्लामा एक-एक जिल्लास्तरीय विकास योजना संचालन गर्न प्रत्येक जिल्ला पंचायत, वर्गीय संगठनहरू र गा. फ. रा. अ. अंचल समितिका एक सदस्य समेतको बैठकले निर्णय गरे अनुसारको एक–एक योजना ७५ जिल्लामा संचालन गर्ने ।

२ योजना आयोग, स्थानीय विकास विभाग तथा श्री ५ को सरकारको अन्य सम्बन्धित विभाग, जिल्ला पंचायतहरू र वर्गीय संगठनहरूले संचालन गर्न आयोजनाहरूलाई यथाशक्य सहयोग गर्ने ।

३ बेदखली रोक्ने, नाजायज ऋण मुक्त गराउने र जग्गाधनीले बुझेको कूतको रसिद दिलाउने ।

४ जनश्रमदान, स्थानीय साधनबाट हुन सक्ने कुलो, नहर, बांध, पैन र उत्पादन वृद्धिका काम गर्ने गराउने ।

५ जनश्रमद्वारा वृक्षारोपण कार्य विस्तृत रूपमा संचालन गर्ने ।

६ देशमा निरक्षरता हटाउनका लागि साक्षरता अभियान चलाउने ।

७ महंगी, कालाबजार गर्ने सबै तत्वहरूको विरोधमा जनमत व्याप्त गर्ने।

८ भ्रष्टाचार, अन्याय, अत्याचार, बहुविवाह, बालविवाह, जातिभेद लगायतका अन्य सामाजिक कुरीति ढीलासुस्ती, जूवा, नशाखोरी, विवाह आदि पर्वहरूमा गरिने फिजुल खर्च, दाइजो प्रथा तथा नारीप्रति गरिने कुव्यवहार आदि कुरीतिहरूलाई हटाउने जनमत तयार गर्ने ।

९ निर्वाचनहरूमा सुव्यवस्था मिलाउने र पैसाको लालच, डर-धम्की-धाक-रवाफ र छलकपट रोक्ने ।

१० व्यवस्था विरोधी राजनैतिक विचार, गतिविधिलाई राजनैतिक तवरबाट निर्मूल गर्न तमाम पंचायत, वर्गीय संगठनहरूको बैठक, सभा, सम्मेलनहरूको संचालन गर्ने ।

कार्यक्रमका उपर्युक्त नीतिको आधारमा गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले बनाएको विस्तृत व्याख्यात्मक कार्यक्रमद्वारा राष्ट्र-व्यापी रूपमा जनशक्तिको परिचालन गर्ने दृढ अभिव्यक्ति यो अधिवेशन व्यक्त गर्दछ ।

## धन्यवाद प्रस्ताव

राष्ट्रनायक **श्री ५ महाराजाधिराज सरकार**बाट असीम निगाहकासाथ पंच कार्यकर्ताहरूको दोस्रो केन्द्रीय अधिवेशनको समुद्घाटन गरिबक्सी यस अधिवेशनलाई गौरव तथा गरिमा प्रदान गरिबक्सेकोमा र साथैं निर्दलीय प्रजातान्त्रिक पंचायती व्यवस्थाको महान् लक्ष्य प्राप्तिका लागि दृढताकासाथ द्रुततर गतिले अगाडि बढ्न हामी तमाम पंच कार्यकर्ताहरूलाई निर्देशन, नयाँ प्रेरणा र ठूलो आत्मबल समेत बक्सेकोमा यो अधिवेशन गा. फ. को आगामी कार्यक्रम उक्त निर्देशन बमोजिम तैयार पारी कार्यान्वित गर्ने संकल्पका साथ मौसूफ सरकारका जुनाफमा श्रद्धा-भक्तिपूर्वक हार्दिक कृतज्ञता (धन्यवाद) बिन्ति चढाउँछ ।

## शुभ-राज्याभिषेक प्रस्ताव

राजमुकुट नै राष्ट्रिय एकताको प्रतीक रहेको नेपाली मात्रको विश्वास हुनाले आगामी फाल्गुन महीनामा सम्पन्न हुने शुभ-राज्याभिषेक समारोह महान राष्ट्रिय पर्वको रूपमा अंगीकार गरेको कुरा यो अधिवेशन स्वीकार गर्दछ ।

राष्ट्रिय महत्वको रूपमा शुभ–राज्याभिषेक तन, मन, धनले पूर्ण सहयोग पुर्याई सफल बनाउनका साथै यस ऐतिहासिक स्मृतिलाई चिरस्थायी राख्न आफ्ना–आफ्ना क्षेत्रमा कतिपय सृजनात्मक योजना सम्पन्न गर्ने दृढ निश्चय गर्दछ ।

## प्रस्ताव

"प्रत्येक नेपाली जन्मैं देखि स्वतन्त्र भएर हुर्किएको हुन्छ र आफ्ना पुर्खाको रगत– पसीनाले रक्षा गरेको राष्ट्रिय स्वतन्त्रताको माया उसको आफ्नो मुटुभन्दा प्यारो हुन्छ "।

इतिहासको प्रारम्भदेखि नै नेपाली जाति स्वतन्त्र रही आएको छ। राजमुकुटको सबल नेतृत्वमा नेपालले राष्ट्रिय सार्वभौमिक स्वतन्त्रतालाई कायम राखी आएको छ। प्रजातान्त्रिक पंचायती व्यवस्थाको माध्यमद्वारा विश्वमा आफ्नो गौरव बढाइएको छ। स्वाभिमानले अनुप्राणित नेपाली स्वतन्त्रता र सार्वभौमिकतालाई आघात पुग्ने कुनै पनि गतिविधि सहन गर्ने छैन र त्यस्तो कुराको प्रतिकारको निमित्त हामी नेपाली कटिबद्ध छौं।

## प्रस्ताव

२०२० साल भाद्र १ गते स्वर्गीय श्री ५ महेन्द्रबाट मुलुकी ऐन बक्सेर बहु–विवाहलाई अपराध ठहराई दण्डित हुने व्यवस्था भएपछि गाउँ पंचायतदेखि राष्ट्रिय पंचायतसम्म र वर्गीय संगठनका प्रारम्भिक समितिदेखि राष्ट्रिय पंचायतसम्मका बहु–विवाह गर्ने पंचहरूको रेकर्ड गाउँ-फर्कको विभिन्न इकाईहरूले संकलन गरोस भनी माग गर्दछौं।

समर्थक

श्री शैल उपाध्याय
केन्द्रीय सचिव, नेपाल महिला संगठन

प्रस्तावक

श्री महालक्ष्मी पोखरेल
केन्द्रीय उप–सभापति,
नेपाल महिला संगठन।

## गाउँ फर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको
## वार्षिक कार्य विवरण

गाउँफर्क राष्ट्रिय अभियान एउटा निरन्तर चलिरहने क्रमको रूपमा नेपाली राष्ट्रिय जनजीवनको अभिन्न अङ्ग हुँदै गरइहेको कुरा सर्व-विदित छ। आज देशमा यसप्रति देखिएको उत्साह प्रेरणादायी छ। हुन त सचेतक र मूल्यांकनको कामका दिशामा अहिले प्रारम्भ मात्र छ। शुरूमा यसका विभिन्न कार्यलाई स्पष्ट र बलियो बनाउने दिशामा बढी ध्यान दिंदा दिंदै पनि स्थानीय जनशक्तिलाई केही न केही विकासमा योगदान पुर्‍याउन पनि केन्द्रीय समितिले योगदान दिने प्रयास गरेको थियो।

राष्ट्रनायक **श्री ५ महाराजाधिराज सरकारबाट** भाद्र १० गते गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको गठन गरिबक्सेपछि गा. फ. को कामलाई अघि बढाउने कार्यको प्रारम्भ भयो। यस उप्रान्त असोज महीनाको १ गते यसको केन्द्रीय समितिको बैठकले आर्थिक वर्ष २०३०–३१ मा सन्चालन गरिने कार्यक्रमहरूलाई एउटा निश्चित रूप दिन गाउँ फर्क नियमावली र आर्थिक नियमावली तैयार पार्नुका साथै वार्षिक कार्यक्रमको निर्धारण तथा वार्षिक बजेट तैयार गर्ने काम सम्पन्न गर्‍यो। उक्त बैठकले मनोनीत सदस्यहरूले निश्चित गरिएको कार्यक्रमको जिम्मेवारी वहन गर्न र संचालन गर्न ३ उप–समितिहरू–(१) कार्यकर्ता छनौट, मूल्यांकन तथा अनुसन्धान उप-समिति, (२) योजना कार्यक्रम, जनशक्ति परिचालन तथा तालीम उप-समिति, (३) निर्वाचन, प्रचार तथा जन-सम्पर्क उप-समिति गठन गरी कामको थाल्नी गर्नुका साथै समितिको केन्द्रीय कार्यालयलाई सुसंगठित र सक्षम बनाउँदै लैजाने दिशामा काम गरिएको कुरा आज केन्द्रीय समितिको अफिस, कार्यबाट नै विदित हुन आएको छ। पुस्तिका र नियममा निश्चित गरिएका कामहरूलाई अघि बढाउन सबै समय कर्तव्यनिष्ठ भै काम गरिएको छ। यसै सन्दर्भमा विगत वर्ष केन्द्रीय समितिबाट भएका केही मुख्य कामहरूको संक्षिप्त विवरण यस प्रकार छ:–

१ पञ्चायती व्यवस्थाको सैद्धान्तिक र व्यावहारिक पक्षलाई स्पष्ट तुल्याउनका लागि व्यवस्थाको सिद्धान्त पक्ष परिभाषित तथा सरल तुल्याई प्रकाशित प्रचारित गरिने काम भयो।

२ पञ्चायती व्यवस्थाको राजनैतिक पक्षलाई नयाँ शिक्षा पद्धतिमा समावेश गराउने दिशामा प्रयास गरिएको छ।

३ पञ्चायत र वर्गीय तथा व्यावसायिक संगठनहरूलाई सक्रिय एवं सक्षम तुल्याई देश, नरेश र व्यवस्थाप्रति कर्तव्यनिष्ठ बनाउनेतर्फ पनि विचार र प्रयासतिर ध्यान दिइने काम भयो।

४ केन्द्रीय समितिका मनोनीत सदस्यहरूद्वारा १४ अञ्चल अन्तरगत पर्ने जिल्लाहरूको लगभग एक डेढ महीनाको भ्रमण गरी अंचल एवं जिल्लाहरूको राजनैतिक गतिविधिको जानकारी, निर्माण, विकास सम्बन्धी कार्यको निरीक्षण तथा पंच कार्यकर्ताहरूसंग आपसी परिचित हुने कार्य सम्पन्न गरियो।

५ सदस्यहरूबाट डेढ महीने भ्रमण अवधिमा माननीय राष्ट्रिय पञ्चायतका सदस्यहरू, अंचल स्तरीय पंचायत, वर्गीय तथा व्यावसायिक संगठनका कार्यकर्ताहरूको परिचय फर्म भराउने कार्यका साथै गाउँ फर्क अभियान अञ्चल र जिल्ला अस्थायी समितिको गठन गर्ने कार्य पनि भएको थियो ।

६ अंचल भ्रमणको सिलसिलामा विभिन्न अंचल र जिल्लाहरूमा आयोजित सभा, गोष्ठी, पंचायत बैठक आदिहरूमा **श्री ५** को गतिशील नेतृत्व, पंचायती व्यवस्थाका विभिन्न पक्षहरूबारे पंच कार्यकर्ताहरू र सर्वसाधारणहरूलाई बोध गराउनुका साथै मूल्यांकन परिपाटी सहितको संशोधित गाउँ फर्क राष्ट्रिय अभियानका उद्देश्य र आदर्शहरूबारे पंच कार्यकर्ता, बुद्धिजीवी, विद्यार्थी, कर्मचारी तथा पंचायत प्रेमीहरूलाई विस्तृतरूपले बुझाउने काम गरिएको थियो ।

७ निर्वाचन क्षेत्रमा देखापरेका कमजोरीहरू तथा तिनबाट उत्पन्न भएका प्रतिक्रियाहरूको अध्ययन गरी मतदाता र उम्मेदवारहरूलाई निर्वाचनप्रति नैतिक तथा व्यवहारप्रति ईमान्दार बन्न आह्वान गर्नुका साथै निर्वाचन सम्बन्धमा केन्द्रीय समितिले विज्ञप्ति प्रकाशित-प्रचारित गरी राष्ट्रिय पंचायत सदस्यहरूको चुनावको समयमा प्रचार एवं प्रसाद गर्दै उक्त अवसरमा नौ अंचलहरूमा भएका निर्वाचनहरू निरीक्षण, अध्ययन गर्नुका साथसाथै भाग लिनेहरूलाई आफ्नो अधिकार र कर्तव्यहरूप्रति जागरूक र सचेत रहने संचेतनता दिने काम भयो ।

८ जनशक्ति परिचालन सम्बन्धमा केन्द्रीय समितिले अंचल तथा जिल्ला अभियान अस्थायी समितिको गठन गरी प्रत्येक जिल्लामा (एक दुर्गम र एक सुगम गाउँ पंचायतको आधारमा) दुई गाउँ पंचायतहरूमा जन–भावना अनुरूप गाउँ या ठाउँ सुहाउँदो साधनले भ्याउने योजना संचालन गर्ने अंचल तथा जिल्ला अस्थायी समितिलाई सुझाव दिने कार्य पनि गरिएको थियो ।

गाउँफर्क राष्ट्रिय अभियान कार्यक्रमको मूल उद्देश्यहरूमध्ये नेपाली जन–जीवनमा क्रमशः भावनात्मक परिवर्तनद्वारा राष्ट्रिय जागरण ल्याउँदै जानुका साथै देशको सर्वाङ्गीण विकासमा जनशक्तिलाई परिचालित तुल्याउनु पनि हो। काम र चाखको फलस्वरूप भएको विकासको केही अंश गाउँ फर्क केन्द्रीय कार्यालयमा जम्मा ६२ विभिन्न जिल्लाहरूबाट प्राप्त प्रगति विवरणहरू एउटा उदाहरणको रूपमा दर्शाइएको छः

| योजनाको नाम | प्राथमिकता प्रतिशत | योजनाको नाम | प्राथमिकता प्रतिशत |
|---|---|---|---|
| १. बाटो निर्माण योजना | ४५ प्रतिशत | ४. सिंचाई योजना——— | ८ प्रतिशत |
| २. सार्वजनिक भवन निर्माण योजना | १४.५ प्रतिशत | ५. पुल निर्माण योजना——— | ६ प्रतिशत |
| | | (क) काठेपुल——— | ३.५ प्रतिशत |
| (क) स्कूल भवन——— | ७.५ प्रतिशत | (ख) झोलुङ्गे पुल——— | २.५ प्रतिशत |
| (ख) पंचायत भवन——— | ३.५ प्रतिशत | ६. कृषिविकास योजना——— | ५ प्रतिशत |
| (ग) हुलाक भवन——— | १ प्रतिशत | ७. सरसफाइ योजना——— | ६ प्रतिशत |
| (घ) सामुदायिक भवन——— | १.५ प्रतिशत | ८. हेलिप्याड योजना——— | १.५ प्रतिशत |
| (ङ) प्रहरी चौकी——— | १ प्रतिशत | ९ खेलमैदान योजना——— | ४ प्रतिशत |
| ३. खानेपानी योजना——— | ९ प्रतिशत | १०. घरेलु उद्योग योजना——— | १ प्रतिशत |

काठमाडौं जिल्ला अन्तरगत बलम्बु विकास क्षेत्रका १० गाउँ पंचायतहरूमा आयोजना गरिएका ३६ विभिन्न योजनाहरूमध्ये ३४ वटा योजनाहरू संचालन जरी निश्चित अवधिमै सम्पन्न गरियो। उक्त योजनाहरूका संचालनमा जम्मा रु. ४६,८६४।०२ बराबरको निर्माण सम्बन्धी सामाग्रीहरू तथा फलफूलका बोट बिरुवाहरू सहयोगका स्वरूप ग्रामीणहरूलाई उपलब्ध गराइ दिने काम भएको थियो। गाउँफर्क राष्ट्रिय अभियान अन्तर्गत वलम्बु क्षेत्रका उक्त पञ्चायतहरूमा संचालन गरिएका योजनाहरूमा स्थानीय गाउँ पञ्चायत, काठमाडौं जिल्ला पंचायत र विभिन्न विभाग-

हरूलाई योजना तर्जुमा गर्ने चरणदेखि कार्यान्वयन र सम्पन्न गरिउन्जेलसम्म संलग्न गराई समन्वयात्मक कार्यक्रमको रूपमा व्यवस्थित तुल्याई काम गरिएको थियो। यस प्रकार उपर्युक्त गाउँ पञ्चायतहरूमा स्थानीय पञ्चायत, जिल्ला पञ्चायत तथा **श्री ५ को सरकार**का विभिन्न विभाग-हरू मिली योजना तर्जुमा र कार्यान्वयन समन्वयात्मक रूपबाट गरिएको प्रयास पहिलो र उदाहरण मात्र नभै यसलाई समन्वयात्मकरूपमा कार्यक्रम सन्चालनको भावना र दिशातिर यसलाई एउटा खँदिलो उपलब्धि भएको कुरा हो भनी भन्न सकिन्छ । जनशक्ति परिचालनतर्फ पनि विचार गर्दा स्थानीय ग्रामीणहरूबाट पूर्ण जिम्मेवारीहरू वहन गरी प्रत्येक योजनामा देखाइएको चाख र सक्रियता विकास प्रवृत्तिको उत्साह सबैको लागि एउटा घत लाग्दो हुन गएको कुरोको अनुभव गराउंदछ ।

९ यसै प्रकार, राजनैतिक कार्यकर्ताहरूको रेकर्ड एक्का वैज्ञानिक तरीकाले राख्ने सिलसिलामा फाराम तैयार पारी रेकर्ड राख्ने परि-पाटी शुरू गरी हालसम्म माननीय राष्ट्रिय पञ्चायत सदस्यहरू १०३, अञ्चल सभाका सभापति तथा उप–सभापतिहरू ११, वर्गीय तथा व्यावसायिक संगठनहरूका केन्द्रीय पदाधिकारी र सदस्यहरू र अञ्चल अधिवेशनका सभापतिहरू समेत गरी जम्मा ७२ जनाको संकलित परिचय फारामहरूको आधारमा उनीहरूको कामको मूल्यांकन गरी **श्री ५ महाराजाधिराज** सरकारका जुनाफमा चढाई पनि सकिएको छ ।

१० गाउँ फर्क राष्ट्रिय अभियान केन्द्रीय कार्यालय त्रिपुरेश्वरबाट श्री जगदम्बा भवन, पुलचोक ललितपुरमा सरेपछि गाउँ फर्कका कार्यकर्ताको बौद्धिक विकासमा सघाउ पुरयाउन सक्ने किसिमको एउटा वाचनालय सहितको पुस्तकालयको स्थापना र पञ्च कार्यकर्ताहरूका लागि समय–समयमा आयोजना गरिने आवश्यकतालाई विचार गरी एउटा सभाकक्ष समेत स्थापना गरिएको छ। साथै विभिन्न अञ्चलहरू तथा जिल्लाहरूले गाउँफर्क राष्ट्रिय अभियानको सन्दर्भमा गरेका कार्यहरू, लक्ष्य र प्रगतिहरू संकलन गरी समष्टि रूपमा एक ठाउँमा चित्रित गराउने उद्देश्यले एउटा समीक्षालय खडा गर्ने कामको आरम्भ गरी सकिएको छ ।

११ केन्द्रीय समितिले पाँच पटक बैठक गरी २२ वटा विषयहरूमा महत्वपूर्ण छलफल र निर्णयहरू गरी तिनलाई कार्यान्वित गराउने गर्ने काम गरेको छ। यी बैठकहरू २७ दिनसम्म चली जम्मा ६६ घण्टासम्म काम गरेको माइनेटबाट देखिन्छ ।

१२ गाउँफर्क राष्ट्रिय अभियानको सन्देश गाउँ–गाउँ र घर–घरसम्म पुरयाउने उद्देश्यले अभियानको मुख–पत्र "अभियान" मा सम–सामयिक लेखहरू र अभियान सम्बन्धी केन्द्र, अञ्चल, जिल्लाका समाचारहरूलाई बढी महत्व दिई पठनीय सामग्री दिने प्रयास भएको हो । पत्रलाई विषयगत आकर्षण, कलात्मक बनाई बढी पठनीय बनाउने दिशामा प्रयास गरिने रहिएको छ ।

१३ गाउँफर्क राष्ट्रिय अभियानको प्रचार तथा प्रसारतर्फ पनि राम्रो प्रगति भएको छ। गाउँफर्क राष्ट्रिय अभियान पुस्तिका जम्मा ३५,००० प्रति विभिन्न अञ्चल, जिल्ला र गाउँ पञ्चायतहरूलाई वितरण गरिसकिएको छ। पञ्चायती व्यवस्थाको आधारभूत सिद्धान्त र संक्षिप्त व्याख्या पनि अंग्रेजी समेत जम्मा १२,००० थान प्रकाशित गरिनुका साथै बेलाबेलामा आवश्यक हुने पर्चा, पम्प्लेट, अपिल आदि गरी जम्मा २०,५०० प्रतिहरू प्रकाशित गरी सर्वत्र नै जस्तो वितरण गराउने काम भएको छ ।

## गाउँफर्क केन्द्रीय समितिको भावी कार्यक्रम

अभियान अन्तरगत भएका केही प्रगतिहरू मोटामोटी रूपमा भए तापनि दर्शाउने प्रयास गरिएको छ। अब केही भावी कार्यक्रमहरूका सम्बन्धमा चर्चा गर्नु पनि आवश्यक हुने हुनाले आर्थिक वर्ष २०३१–३२ मा गरिने कार्यक्रमहरूको विवरण यसरी उल्लेख गरिएको छः–

(१) गाउँफर्क अञ्चल अभियान समितिका मनोनीत सदस्यहरूको ७ दिने गोष्ठीको आयोजना गर्ने । गोष्ठीमा गाउँफर्क राष्ट्रिय अभियानको विभिन्न पक्षहरूबारे छलफल जानकारी गराउनकासाथै मूल्यांकन र जनशक्ति परिचालन विषयमा विशेष जानकारी तथा जोड दिइनेछ ।

(२) गाउँफर्कको केन्द्रीय अधिवेशनको आयोजना गर्ने वार्षिक कार्यक्रममा निश्चित गरिए अनुसार नै सो अधिवेशन हाल चलिरहेकै छ । अधिवेशनमा पारित गरेका विषयहरू र कार्यक्रमहरूलाई केन्द्रीय समितिले स्थानीय जनशक्तिको परिचालनको काम तदारुकता साथ गर्ने गराउनेछ।

(३) अर्धवार्षिक कार्य प्रगतिको पुनरावलोकन गर्ने सिलसिलामा केन्द्रीय समितिका सदस्यहरूले पौष अगावै अञ्चल भ्रमण गरी गत वर्ष अभियान अन्तर्गत संचालन गरिएका कार्यक्रमको अध्ययन, अञ्चल र जिल्लाको वस्तुस्थितिको अध्ययन गरी केन्द्रीय समितिमा प्रतिवेदन प्रस्तुत गर्ने ।

(४) ४०० गाउँफर्क जिल्ला क्षेत्रीय कार्यकर्ताको ६ महीने तालीम पञ्चायत मन्त्रालयद्वारा संचालित पंचायत प्रशिक्षण केन्द्रको र गा. फ. केन्द्रीय समितिको संयुक्त आयोजकत्वमा गरिनेछ। उक्त प्रशिक्षण केन्द्रद्वारा पंचायत तथा वर्गीय संगठनका कार्यकर्ताहरूलाई दिइने तालीम कार्यक्रममा गाउँफर्कले बढी चाख ली तालीम कार्यक्रमलाई बढी उपयोगी पार्ने दिशा तर्फ पाइला चाल्नेछ ।

(५) गत वर्ष बाँकी रहेको रा. प. सदस्य, अञ्चल सभाको सदस्य तथा केन्द्र र अञ्चल स्तरीय वर्गीय र व्यावसायिक संगठनका कार्यकर्ताहरूको परिचय फर्म भर्न लगाई रेकर्डलाई दुरुस्त र वैज्ञानिक पार्ने र वार्षिक मूल्यांकन कार्य सम्पन्न गर्ने ।

(६) गत सालदेखि व्यवस्थाको सैद्धान्तिक पक्षलाई शिक्षण पद्धतिमा समावेश गर्न उठाएको कदम तथा व्यवस्थाका कार्यकर्ताहरूलाई देश, नरेश तथा व्यवस्थाप्रति कर्तव्यनिष्ठ बनाउन चालिएको कदम अझ बढी प्रभावकारी कसरी तुल्याउन सकिन्छ, प्रयासहरू जारी राख्दै कार्यान्वित गर्न लगाउने ।

(७) विभिन्न उप–समितिहरूले निश्चित कार्यक्रम सम्पन्न गर्न गराउन सक्रिय रहने ।

(८) जेष्ठ महीनासम्म केन्द्रीय समितिका सदस्यहरूले यस आर्थिक वर्षमा समन्वयात्मक तरीकाले अञ्चल अभियानको निर्देशनमा जिल्ला-जिल्लामा संचालन गरिएका कार्यक्रमहरूको निरीक्षण गर्नुको अतिरिक्त अञ्चल अभियानद्वारा सम्पन्न गरेको कार्यको निरीक्षण अञ्चल जिल्लाको वस्तुस्थितिको अध्ययन गरी केन्द्रीय समितिमा प्रतिवेदन प्रस्तुत गर्ने ।

(९) गाउँफर्क राष्ट्रिय अभियानको मुखपत्र "अभियान" लाई अझ ठोस रूप दिने। व्यवस्थाबारे आम जनतालाई जानकारी दिन दिलाउन प्रभावकारी बुकलेट, लिफलेट, फोल्डर, पोष्टर आदिको कार्य जारी राख्ने ।

(१०) हाम्रो आधारभूत मान्यताका विभिन्न पक्षमा आधिकारिक साहित्य सृजनाका दिशामा अगाडि बढने ।

# सम्माननीय प्रधानमन्त्री
# श्री नगेन्द्र प्रसाद रिजालले
## गाउँ फर्क राष्ट्रिय अभियानको
## दोस्रो केन्द्रीय अधिवेशनमा
## दिनुभएको भाषण

## सम्माननीय प्रधानमन्त्री श्री नगेन्द्रप्रसाद रिजालले गाउँ फर्क राष्ट्रिय अभियान दोस्रो केन्द्रीय अधिवेशनमा दिनुभएको भाषण

प्रतिनिधि साथीहरू,

आज यो गा. फ. रा. अ. को दोस्रो अधिवेशनको सिलसिलामा यो एउटा महत्वपूर्ण भेलामा मैले पनि आफ्ना केही विचारहरू व्यक्त गर्न पाएकोमा मलाई अत्यन्तै हर्ष लागेको छ । हुन पनि यो गाउँफर्क अभियानको दोस्रो अधिवेशन भनिए तापनि वास्तवमा यस किसिमको अमूल्य भेला यो हाम्रो पूर्व मेचीदेखि महाकालीसम्मका सम्पूर्ण कार्यकर्ताहरूलाई एकै ठाउँमा बसेर विचार विमर्श गर्ने जुन शुभ अवसर हामीले पाएका छौं, मलाई लाग्छ राजनीतिक इतिहासमा यसको विशिष्ट स्थान रहनेछ, र यो एउटा आफ्नै पनको आफ्नै मौलिकता भएको ठूलो राष्ट्रिय जमघट हो। मलाई सम्झना छ कि २००७ सालपछि पनि यस्ता किसिमका जमघटहरू हामीले यदाकदा देखेका र त्यस पछि २०१७ साल यता पनि मैले अघि भनें पहिलो भएको तर यो जुन किसिमले सबै जिल्लाबाट, सबै क्षेत्रबाट, सबै वर्गहरूको प्रतिनिधित्व गर्ने किसिमले जुन एउटा भेला छ, यो निश्चय पनि नेपालको राजनैतिक इतिहासमा यसले आफ्नै विशिष्ट स्थान ओगटेको छ भन्ने कुरा म फेरि दोहोरयाउन चाहन्छु। यहाँ ३ दिनदेखि आफ्ना आफ्ना मन्तव्यहरू, आ-आफ्ना अभिव्यक्तिहरू आफ्नै शैली र शब्द र तौरतरीकाले अभिव्यक्ति गरयौं । जहाँसम्म मलाई लाग्छ यद्यपि ती हाम्रा तौर तरीका अथवा शब्दहरू, भावनाहरूमा सानातिना केही त्रुटिहरू कमीहरू, थिए तापनि समष्टिरूपमा हामीले त्यसलाई दरो तुल्याउने दृष्टिकोणले राष्ट्रको गौरवलाई उज्ज्वल पार्न र आफ्ना नेता **श्री ५ महाराजाधिराज** सरकार प्रति अटूट आस्था र विश्वास व्यक्त गरेको मैले पाएँ। यहाँ भर्खरै विभिन्न नियम-उप-नियमका चर्चाहरू पनि चले। मलाई लाग्दछ, यो भेला कुनै ऐन कानूनले बांधिएको भेला होइन। यो एउटा व्यवस्था प्रति विश्वास, नेतृत्व प्रति दृढ आस्थाबाट प्रेरित भएर हामी सबै आफैं एउटा संयममा रहेर, अनुशासनमा रहेर संचालित भएको भेला हो। यो भेलाको हामी अन्तिम चरणमा पुगी राखेका छौं। यो भेलाको जस्तो मैले अघि पनि भनें, आफ्नै मौलिकता छ, यसमा हामी कार्यपालिकाका सदस्य साथीहरू पनि छौं। विधायिकाका साथीहरू पनि छौं र संगठन र पञ्चायतका विभिन्न तहका कर्मठ साथीहरू पनि यहाँ उपस्थित भएका छन्, त यो उपस्थिति, यो मनन-चिन्तन व्यवस्थाको निम्ति ठूलो उपलब्धि हो भन्ने कुरामा म विश्वस्त छु र यो भेलामा हाम्रो देशका गतिविधिहरू, अहिलेका परिस्थितिहरू र आगामी हाम्रा कार्यक्रमहरूबारे सोचेर जुन किसिमको निर्णयहरू लिई राखेको छ र जुन किसिमका प्रस्तावहरू हामी पारित गर्न चाहन्छौं; त्यसबाट हाम्रो व्यवस्थाले देशभित्र र बाहिरका तत्वहरूलाई एउटा ठूलो हांक दिएको छ भन्ने कुरामा मलाई विश्वास लागेको छ ।

यस्तो महत्वपूर्ण अवसरमा हामी भेला भएर आ-आपना जिम्मेवारीलाई हृदयंगम गरेर आ-आपना भावना व्यक्त गर्नुको साथै यो सम्मेलनले गरेका निर्णयहरू, यो सम्मेलनले पारित गरेका कार्यपत्रहरू प्रस्तावहरूलाई एउटा मार्ग निर्देशनको रूपमा लिएर आ-आफ्नो कार्य क्षेत्रमा हामी फर्कने छौं र यो उपलब्धिलाई साकार त्याउन नेतृत्वबाट प्राप्त मार्गदर्शन लिएर हामी नयाँ उमंग र विवेकपूर्ण अठोटका साथ कार्यमा जुट्ने छौं भन्ने कुरामा म विश्वास राख्छु। सबैको आ-आफ्नो जिम्मेवारी छ। यहाँ यी कार्यपत्रहरू पेश गर्नु हुने साथीहरूले पनि अभि-

व्यक्ति गरी सक्नु भएको छ कि हाम्रा धेरै जिम्मेवारीहरू सामाजिक पनि छन् र हाम्रा धेरै जिम्मेवारीहरू निजी पनि छन् र हामीले यी साझा रूपमा, संगठनको रूपमा वहन गर्नु पर्ने जिम्मेवारीलाई त्यही किसिममा र व्यक्तिगत निजी तवरबाट गर्नु पर्ने जिम्मेवारीहरूलाई पनि त्यही किसिमले हामीले वहन गरेको खण्डमा हाम्रा उद्देश्यहरू हाम्रा, भारहरू सजिलैसंग वहन गर्न सकिएला भन्ने कुरामा मलाई विश्वास छ। म र मेरा सहयोगी मन्त्रीहरू जो हामी कार्यपालिकामा छौं, निश्चय पनि हामी बढी जिम्मेवार छौं। हाम्रा जिम्मेवारीप्रति र कर्तव्य प्रति हामी सजग र सतर्क छौं र यहाँ व्यक्त भएका राय, सल्लाह, सुझावलाई तिनको व्यावहारिकता तथा साधन र स्रोतले भ्याएसम्म त्यसका उपादेयता आदिलाई ध्यानमा राखेर क्रमशः कार्यान्वयन गर्दै जाने कुरामा म यस बैठकलाई विश्वास दिलाउँछु। साथीहरू, यो हाम्रो सम्पूर्ण अभिभाराको सफलताको लागि हामी सबै साथीहरूले एक अर्कालाई सघाउने कुरा पनि म यहाँ पुनः दोहोर्‍याउनु चाहन्छु। देशमा विद्यमान रहेका कतिपय समस्याहरू प्रति हाम्रा कार्यपत्रहरूले पनि औंल्याएको छ र साथै छलफलको क्रममा पनि धेरै साथीहरूले आफ्ना अभिव्यक्तिहरू गरेर हामी सबैको बढी ध्यान आकर्षित गर्न खोज्नु भएको छ। देशमा समस्या नभएका होइनन् र मैले बारम्बार राष्ट्रिय पञ्चायतमा र बाहिरफेर पनि सम्पूर्ण देशवासीलाई हाम्रा समस्याप्रति ध्यान आकर्षित गरेको छु र जागरूक गराउने प्रयत्न पनि गरेको छु। मलाई लाग्दछ, हामीले समस्याहरूलाई केही वर्गीकरण गर्नु परेको छ र केही समस्याहरू यस्ता छन् जो चिरकालदेखि चलिआएका छन्, शताब्दीदेखि विद्यमान छन् समाजमा र केही हाम्रा यस्ता समस्याहरू पनि छन् जो हामीले निरन्तर त्यसमा संघर्ष गर्दै, त्यसमा दत्तचित्त हुँदै आफ्नो कर्तव्य र अधिकारलाई राम्रोसंग बुझेर अगाडि बढ्नु पर्ने समस्याहरू पनि छन्। भर्खरै यहाँ एक जना विद्वान् वक्ताले जातिपाती सम्बन्धी हाम्रा कुरीतिहरूको बारेमा, त्यस्तै महिला संगठनको प्रतिनिधि साथीहरू मध्ये एक महिलाले पनि महिलाहरूप्रति भैरहेको हाम्रा सामाजिक कुरीतिहरूबारे औंल्याउनु भयो। निश्चय नै यस्ता समस्याहरू कैयौं शताब्दीदेखि हाम्रा समाजमा विद्यमान छन् र त्यसलाई कतिपय कार्यपालिकाद्वारा, न्यायपालिकाद्वारा र विधायिकाद्वारा कानून बनाएर, न्याय गरेर अथवा कार्यकारिणी आदेशद्वारा त्यसलाई व्यवहारमा ल्याएर समाप्त पार्ने प्रक्रियाहरू पनि नभएको होइन। खास गरेर स्व. श्री ५ महाराजाधिराज सरकारले यस दिशामा ठूलो देन बक्सेको कुरा यहाँ बारम्बार उद्धृत गरिएको छ। त्यस्तै ती समस्यालाई हामीले कानूनको जिम्मामा मात्र अथवा कार्यकारिणीको जिम्मामा मात्र नलाएर हामी दुइवटैले होष्टेमा हैंसे गरेर अगाडि बढ्यौं भने निश्चय नै ती कुराहरू समाजबाट बिलाउँदै जालान् भन्ने मलाई लाग्दछ । त्यस्तै हामीले दीर्घकालसम्म गर्नु पर्ने हाम्रा समस्याहरूमध्ये जस्तो विकेन्द्रीकरणको प्रश्न छ अथवा शोषणरहित समाजको सृजनाको हाम्रो लक्ष्य छ, त्यस दिशातिर पनि म यस सम्मेलनको ध्यान आकर्षण गर्न चाहन्छु र यी कुराहरू पनि एउटा निरन्तर प्रक्रियाद्वारा हुने कुराहरू हुन्। यी कुनै २, ४, १० वर्षमा अथवा कुनै लक्ष्मण रेखा खिचेर यस दिन, यस बेला अथवा यस ठाउँमा यसको अन्त्य हुन्छ भन्न सकिंदैन। यो निरन्तर एउटा संघर्षको प्रक्रिया हो, तर यो निश्चित हो कि हामीले यसलाई एउटा सैद्धान्तिक रूपमा स्वीकार गरी सकेका छौं र त्यस दिशातिर हाम्रा प्रयत्नहरू जारी छन् र हामीले केही उपलब्धिहरू गरेका छौं त केही हाम्रा त्रुटिहरू पनि भएका छन्, जुन हाम्रा कार्यपत्रमा उल्लेख भैसकेका छन्।

ती त्रुटिहरूलाई हामीले दोहोरिन नदिई त्यसलाई हामीले बढीसे बढी विवेक लगाएर बढी से बढी समाज र व्यवस्थामा ती कार्यान्वयन हुन सकुन्, गर्न सकौं, हाम्रा प्रयत्नहरू हुनु पर्दछ । मलाई यहाँ एउटा कुराको संझना हुन्छ– केही वर्ष अगाडि बेलायतको प्रधानमन्त्री हेरल्ड विल्सनले जब उनी सर्वप्रथम त्यस देशको प्रधानमन्त्री भएका थिए, तब उनले अभिव्यक्त गरे रे, म यस देशमा अथवा पार्लियामेन्टमा बढी प्रजातन्त्र ल्याउँछु, बढी प्रजातान्त्रिक अधिकार दिन्छु र उनले आफ्ना संगठनहरूमा आ–आफ्ना नीति-सम्बन्धी कुरा बाहेक बढी आलोचना गर्ने मौका दिए रे। त्यसै प्रकार मैले यो भन्न खोजेको कि यस प्रकारका केही यस्ता समाजका कुराहरू हुन्छन् जो निरन्तर अगाडि बढी राख्छन्। बेलायत आफ्नै किसिमले भनौं एउटा प्रजातन्त्रको सबैभन्दा माथिल्लो तहमा गनिने देशमा पनि अझ त्यहाँ बढी प्रजातान्त्रिक गर्नु पर्ने अवस्था विद्यमान रहेछ र अझै पनि कैयौं वर्ष रहला। त्यस्तै हाम्रा पनि व्यवस्थामा, हाम्रा पनि लक्ष्यहरूमा, हाम्रा पनि कार्यकलापहरूमा कतिपय कुरा हामीले निरन्तर गर्दै लानु पर्ने र जति हामी विकसित हुँदै जान्छौं, त्यति नै समस्याहरू पनि नयाँ-नयाँ रूपमा आउने र जाने कुरा सर्वविदित छ । मैले अघि भने जस्तो कत्तिको चिन्न सकेका छौं र देशप्रति हामी कति इमान्दार छौं र त्यसको समाधानमा हामी कति सक्रिय छौं भन्ने कुरा नै मूल प्रश्न हो र मलाई लाग्दछ कि हाम्रो

कार्यकलापमा बढी सक्रियता ल्याउनु परयो, हामी बढी लगनशील हुनु परयो, अनि मात्र हाम्रा समस्या समाधान हुन्छन् भन्ने कुरामा बढी जोड दिएको मैले पाएं। मैले यहाँ नेगेटिभ अथवा निरुत्साहित भावना अनुभव गरिनं र जहाँसम्म मलाई लाग्दछ, मैले पनि यस ओहदामा आएपछि देशमा भएका समस्याहरू प्रति, यी हांकहरूप्रति दृढताका साथ कदम चालेर अघि बढिराखेको छु। मूल्य सम्बन्धी कुरामा राष्ट्रिय पञ्चायतमा पनि धेरै मात्रमा, प्रशस्तरूपमा हामीले छलफल गरयौं, माननीय सदस्यहरूबाट विभिन्न किसिमका सुझाव र समाधानका बाटाहरू औंल्याइए र त्यसलाई हामीले मुकाविला गर्ने प्रयत्न गरयौं। यद्यपि आज हाम्रो देशमा मूल्य समस्या छैन वा सम्पूर्णरूपमा यो हल भैसकेको छ भन्ने कुरा म यहाँ दावा गर्न सक्तिनं तापनि त्यसप्रति हामी जागरूकताका साथ अगाडि बढेका छौं। त्यस्तै विध्वंसकारी समस्याहरूको बारेमा पनि हामीले कडा से कडा कदमहरू उठाएर त्यसलाई बढी से बढी नियन्त्रणमा ल्याउने प्रयत्न गरेका छौं। त्यस्तै खम्पा समस्याको बारेमा पनि यहाँहरू सबैलाई जानकारी नै छ कि हाम्रो देशमा धेरै वर्षदेखि रहेको जुन समस्या थियो त्यसलाई निराकरण गर्नको निमित्त गहन र बडो सक्रिय कदमहरू चालिए र त्यो धेरै हदमा नियन्त्रण भैसकेको कुरा सम्पूर्ण देशवासीलाई अथवा बैठकमा उपस्थित हुनु भएका बुद्धिजीवी साथीहरूलाई थाहै छ। म त्यसमा धेरै समय लिन वा दोहरयाउन चाहन्नँ र मैले अघि पनि व्यक्त गरि सकेको छु र म फेरि यहाँ एउटा कुरा दोहोरयाउन चाहन्छु, त्यो के भने समस्याको सम्पूर्ण भारी सरकारको कांधमा मात्र बिसाउने हाम्रा केही बानीहरू, केही दृष्टिकोणहरूलाई हामीले बिर्सेर ती देशका भारहरू सम्पूर्ण निकायहरू, वर्गहरू, संगठनहरूले साझारूपमा सोचेर ,हेरेर अथवा वहन गर्ने हामीले केही बानीहरू बसाल्न थालेको खण्डमा देशका समस्याहरू बढी जतिसुकै उल्झिएका भए तापनि सुल्झाउन सजिलो पर्ला भन्ने कुरा म यहाँ फेरि दोहोरयाउन चाहन्छु। समस्याहरू औंल्याउँदा खेरि त्यसको निराकरण पनि हामीले नै हेर्नु पर्छ, त्यसको निराकरण पनि हामीले निकाल्नु पर्छ। हुन त हाम्रो यो आर्थिक कार्यपत्र प्रस्तुत हुँदा खेरि एक जना सदस्यले भन्नु भयो कि समस्याको साथसाथ समाधान पनि स्वतः अंकित हुन्छन्, तैपनि अरू बढी रूपमा यसलाई स्पष्ट गर्ने र हामीले यस्ता किसिमका समस्या र यस्ता किसिमका समाधान निकालौं जो कि हामी कोही पनि हाम्रो देशको अवस्था र क्षमताले पूरा गर्न सकौं। समस्यालाई ज्यादै विकरालरूप दिएर त्यसको समाधान मा ज्यादै हामी हतोत्साही वा हडबडायौं भनेदेखि ती समस्या बढी उल्झिने हुन जान्छन्। त्यसो हुनाले समस्याको हामीले वर्गीकरण गरेर निश्चितरूपमा त्यसलाई हेरेर हाम्रा साधन र अवस्थालाई पनि विवेकपूर्ण विचारले केलाएर यसको समाधान खोज्नु नै सही समाधान होला भन्ने कुरा मलाई लाग्दछ। म पनि तपाईंहरू जस्तै यो व्यवस्थाको एक कार्यकर्ता हुँ, सिपाही हुँ र **श्री ५ महाराजाधिराज** सरकारको निगाह र तपाईंहरूको स्नेहले यस ठाउँमा बसेको छु र मेरो पनि धारणा छ कि म मेरा हर कोशिशले, हर प्रयत्नले देशका समस्याहरूलाई आफ्ना साधनको बढी से बढी सदुपयोग गरेर त्यसको समाधान गरौं। मैले अघि पनि भनिसकेको छु कि समस्या वास्तवमा प्रगतिका द्योतक हुन् र जति हामी प्रगति गर्दै जान्छौं, त्यति नयाँ नयाँ समस्या हाम्रो सामू आउँछन्, शायद ज्यादै पिछडिएको समाज अथवा पिछडिएको ठाउँ अथवा देशमा समस्या कम होलान्, त जति हामी विकसित हुँदै जान्छौं, समस्या त्यति मात्रामा थुप्रिदै जाने कुरा निर्विवाद हो। तर म आशावादी छु र मलाई लाग्दछ कि हाम्रो अनुकूल अवस्था छ। किनभने हामीले **श्री ५ महाराजाधिराज**को सबल र सक्षम नेतृत्व पाएका छौं। हाल पनि **श्री ५ महाराजाधिराज** सरकारले असीम निगाह गरेर यहाँ सवारी भएर हामीलाई एउटा ठूलो मार्ग दर्शन बक्सेको छ र त्यस्तै हाम्रो राजनीतिक व्यवस्था अत्यन्तै अनुकूल छ, किनभने हामी दुई ठूल–ठूला छिमेकी राष्ट्रको बीचमा परेको नेपालको आफ्नो हावापानी माटो सुहाउँदो राजनीतिक अनि आर्थिक पद्धतिलाई अंगालेर अघि बढी राखेका छौं। अघि नै मैले भने जस्तो आज हामी यहाँ सम्पूर्ण देशका प्रतिनिधिहरू भेला भएर हाम्रा कयौं वर्षदेखि हामीले गरे भोगेका कार्यकलापहरूको मूल्यांकन र सिंहावलोकन एउटा निष्पक्ष किसिमले कुनै पूर्वाग्रह नराखी गरयौं र मलाई लाग्दछ कि कसैले कसैलाई जिम्मेवार ठहराउने दृष्टिकोणले मात्र नभै यी हामी सबका साझा समस्या हुन् र त्रुटि पनि हामी सबैका साझा हुन् र यसलाई सबैले साझारूपमा समाधान गर्दै जानु पर्छ भन्ने दृष्टिकोणले हामीले यसलाई केलाएर हेरयौं। यो हाम्रो व्यवस्थाको आफ्नो मौलिकता हो र यस्तै व्यवस्था भएको हुनाले हाम्रो अनुकूल अवसर छ र हामीले यी समस्याहरूलाई समाधान गर्न सजिलो पर्ला भन्ने मलाई विश्वास छ। जहाँसम्म गाउँ फर्क राष्ट्रिय अभियानको प्रश्न छ, मलाई लाग्दछ, राष्ट्रनायकबाट पनि समय समयमा बक्सेका निर्देशनहरूबाट गाउँफर्क राष्ट्रिय अभियानको दार्शनिक पक्ष र कार्यान्वयन पक्ष पूर्णतया स्पष्ट भैसकेको छ र मौसूफको भावनालाई साकार तुल्याउन हामी सबै पंचहरूले आफ्ना समस्त क्रियाकलापलाई हाम्रा आचार-

विचार र आफ्ना जीवन पद्धतिलाई नै गाउँ फर्क अभियान अनुरूप पार्नु परेको छ। हुन पनि कुनै पनि राजनीतिक व्यवस्था जबसम्म हामीले त्यसलाई एउटा जीवन पद्धति बनाउँदैनौं, तबसम्म त्यसले राम्रोसंग सफलता पाउन बडो गारो पर्दछ।

त्यसो हुनाले हामीले जस्तो किसिमले आज यो सम्मेलनमा प्रयत्न गऱ्यौं कि हाम्रा समस्याहरूलाई केलाउने र हामीले त्यसको समाधान खोज्ने जुन पञ्चायती दृष्टिकोण, पञ्चायती वातावरण र पञ्चायती उपायहरू गऱ्यौं, त्यसबाट नै हाम्रो व्यवस्थाको अनुकूल र हाम्रो गाउँफर्क अभियानको आचरण हुन्छ भन्ने कुरा मलाई लाग्दछ। हाम्रो राजनीति विकासको निमित्त हो, जुन कुरा **श्री ५ महाराजाधिराज** सरकारबाट बारम्बार हुकूम भएको छ र यहाँ पनि त्यो कुरा दोहोऱ्याइबक्स्यो र गाउँफर्क अभियान पनि हाम्रो निर्दलीय व्यवस्थाको एक पूरक एकाईको रूपमा रहेको कुरा सबैमा विदितै छ र यो वृहत् विकास अभियानसित गांसिएको छ भन्ने कुरामा दुइमत होला जस्तो मलाई लाग्दैन। यस अधिवेशनको समुद्घाटन गरिबक्संदा **श्री ५ महाराजाधिराज** सरकारबाट हुकुम पनि भएको छ कि राजनीतिलाई विकासको निम्ति परिचालन गर्ने उद्देश्य परिपूर्तिका लागि आज गाउँफर्क राष्ट्रिय अभियान कार्यक्रमको दशसूत्री योजना मुख्य स्तम्भ बनाई पंच तथा वर्गीय संगठनका कार्यकर्ताहरूले आफ्नो मूल मन्त्र सम्झी मनन चिन्तन गरेर हाम्रा कार्यकलापहरूलाई अगाडि बढाउन परेको छ। जहाँसम्म विकासका प्रश्न छन्, त्यसकोबारेमा पनि म दुई चार शब्द यहाँ व्यक्त गर्न चाहन्छु। हुन त मैले अघि पनि केही कुराहरू यस सन्दर्भमा भनिसकेको छु र मुख्य कुरा यहाँ प्रश्नहरू पनि उठ्यो र एक जना सदस्यले पनि एउटा अभिव्यक्ति गरिसक्नु भएको छ कि हामीले आज यता केही वर्ष विशेष गरेर २०१७ साल यताका केही वर्षहरू एउटा राष्ट्रिय जागरणको रूपमा हामी विभिन्न किसिमले राष्ट्रियतालाई बढी सुदृढ गर्दै अगाडि बढेका छौं र विकास भन्ने कुरा नितान्त आवश्यक छ। त्यसमा दुईमत हुन सक्तैन र **श्री ५ महाराजाधिराज** सरकारले बराबर यो कुरा हुकूम भएको छ। तर हामी देख्तछौं, कतिपय मुलुकहरूले आफ्नो राष्ट्रियता प्रति आँखा चिम्लेर वा गुमाएर वा त्यसको महत्व जति मात्रामा बुझ्नु पर्थ्यो, त्यो नबुझेर ठूलठूला आर्थिक उपलब्धिहरू पनि गरेका हामी पाउँछौं। जबसम्म हामी दुबैमा सन्तुलन स्थापित गरेर नवनिर्माणका लागि अग्रसर हुँदैनौं, हाम्रो निर्दलीय व्यवस्था अनुरूप हुन सक्तैन र सरकारबाट पनि हुकूम भएको छ कि "प्रत्येक नेपाली जन्मैदेखि स्वतन्त्र भएर हुर्किएको हुन्छ र आफ्ना पुर्खाको रगत पसीनाले रक्षा गरेको राष्ट्रिय स्वतन्त्रताको माया उसको आफ्नो मुटुभन्दा प्यारो हुन्छ" त यो उक्तिमा नेपालको इतिहास साक्षी छ। बराबर आफ्नो कर्तव्यपरायणता देखाएको छ र बराबर **श्री ५ महाराजाधिराज** सरकारबाट समय समयमा बक्सेका यस्ता आव्हानमा देश अगाडि बढेको छ र समस्याको मुकाबिला गरेको छ, राष्ट्रनायकको सबल नेतृत्व पाएर सही बाटो पत्ता लगाउन सफल भएको छ। **श्री ५ महाराजाधिराज** सरकारबाट एकातिर विकासको गतिलाई द्रुत तुल्याउन आव्हान गरिबक्सेको छ, अर्कोतिर हाम्रो राष्ट्रिय गौरवलाई सदा उज्ज्वल राख्ने कुराहरू हुकूम भएको यहाँहरू सबैमा जानकारी नै छ। यहाँ केही कार्यपत्रहरूको सम्बन्धमा पनि चर्चा उठेका थिए र धेरै प्रश्नहरूको यहाँ स्वयं उपस्थित साथीहरूले पनि जवाफ दिनु भयो र विशेष गरेर हाम्रो स्टेरिंग कमिटीका तीन जना सदस्यहरूले आफ्ना समितिका तर्फबाट कार्यपत्रको बारेमा उठेका कुराहरू भरसक स्पष्ट गर्ने प्रयत्न गर्नु भयो। कार्यपत्रमा उठेका धेरै कुराहरूमा सामान्य हाम्रा उपलब्धिहरूको बारेमा उल्लेख भैसकेका छन्। यहाँ धेरै कुराहरू—हाम्रा उपलब्धिहरू, हाम्रा कठिनाइहरू र हाम्रा कमजोरीहरू अथवा आगामी हाम्रा योजनाहरू पेश गर्ने हो भने निश्चय नै ज्यादै ठूलो पोथीको रूपमा, ज्यादै ठूलो किताबको रूपमा त्यो परिणत हुन सक्छ र हुन पनि यस्तो सम्मेलन अथवा यस किसिमको एउटा राजनीतिक भेलाले एउटा छोटकरी सूत्रको रूपमा त्यसलाई प्रस्तुत गर्ने र त्यसका आधारमा हामीले आफ्ना विभिन्न योजनाहरू, आफ्ना कार्यकलापहरू बनाउँदै जाने एउटा सामान्य हाम्रो कर्तव्य पनि हो र यस कार्यपत्रमा धेरै त्रुटिहरू अथवा यसका निगेटिभ कुराहरू अथवा नभएका कुराहरू मात्र बढी अंकित भएका छन् वा सरकारमा रहेका जो सदस्यहरू छन्, उनीहरू किन मौन रहे भन्ने कुराहरू पनि यहाँ उल्लेख भए। त्यसको बारेमा मैले अघि पनि केही चर्चा गरें र म यहाँ यो पनि भन्न चाहन्छु कि सामान्यतया हाम्रो व्यवस्थाको जो आफ्नो मौलिकता हो, जो मर्म हो त्यो कता कता साथीहरूले नबुझेको हो कि जस्तो पनि मलाई लाग्दछ। हुन त यहाँ धेरै समस्याहरू पनि भनिए। वास्तवमा व्यवस्थाको मर्म नै यही हो कि हामी निष्पक्ष, निःस्वार्थ, इमान्दारी साथ आफ्ना त्रुटिहरू, आफ्ना असफलताहरू र आफ्ना कमजोरीहरूलाई औंल्याउँछौं। यदि अर्कै व्यवस्था भएको भए शायद प्रधानमन्त्रीलाई वा आफ्ना कार्यकलापलाई यस किसिमले छल-

फल हुँदैन थियो। सम्पूर्ण एउटा फूलको गुच्छा र माला र भाषणले एउटा प्रशंसाको पुलँपुल बाँधिएर सम्मेलनहरूको समाप्ति हुन्थ्यो । यहाँ हामीले एउटा विवेचना गरेर निष्पक्ष भएर त्यसको समाधानको बाटो पनि खोजेका छौं। म भन्छु, समस्या सबै मेरा होइनन् र सफलता सबै अरूका होइनन् र त्यसको उल्टो सबै सफलता मेरा पनि होइनन्, समस्या सबै मेरा पनि होइनन् र मेरो समस्या सबै मेरा समस्या पनि हैनन्, सब मेरा सफलता पनि हैनन्। दुई वटा कुरामा म पनि कुनै न कुनै रूपले चाहे प्रधानमन्त्रीको हैसियतले चाहे वर्गीय संगठनको सदस्यको हैसियतले, चाहे एउटा गा. पं. को सदस्यको हैसियतले त्यसमा भागी निश्चय पनि छु र म पनि दुई चार वर्ष सामान्य एउटा पंचको रूपमा गाउँमा बसेर काम गरेको छु। त्यसो हुनाले हाम्रो व्यवस्थाको मौलिकता यही हो र हामीले दलीय दृष्टिकोणले वा दलीय परम्पराले मात्र हाम्रा कुराहरूमा हाम्रा समस्याका समाधानहरू खोजिनु हुन्न भन्ने कुरा म यहाँ पुनः दोहोरचाउन चाहन्छु । संगठनहरूको कठिनाइको बारेमा पनि यहाँ उल्लेख भए, र संगठनका साथीहरूले पनि संगठनका आफ्ना उपलब्धि बारेमा पनि चर्चा गर्नु भयो । निश्चय पनि म पनि एउटा संगठनको प्रतिनिधित्व गर्ने भएकोले संगठनमा भएका कठिनाइहरूका बारेमा म पूर्णतया जानकार छु र त्यसलाई समाधान गर्ने प्रयत्नहरू पनि राजनैतिक किसिमले बराबर भएका छन्। ठाउँ ठाउँमा सम्मेलनहरू मलाई लाग्दछ यता केही महीना अगाडि अथवा केही वर्षसम्म नै हामीले विभिन्न ठाउँमा गरचौं। यो गर्नुको अर्थ हामीले हाम्रा समस्याहरू र हाम्रा कठिनाइहरूलाई समाधान गर्ने प्रयत्नको दिशातिर एउटा खुडकिलो हो। त्यस्तै आज मलाई लाग्छ कि हामीले हाम्रा समस्याहरूलाई राजनैतिक किसिमले कसरी परिचालन गर्न सक्छौं, कसरी त्यसको मुकाबिला गर्न सक्छौं र त्यसको समाधान कसरी गर्ने भन्ने नै दृष्टिकोण र हेतुले यत्रो सम्मेलनको आयोजना भएको कुरा म दोहोरचाउन चाहन्छु र मैले अघि पनि भनें यो भेलाले एउटा विशेष राजनीतिक स्थान ओगटेको छ र यसले सम्पूर्ण हाम्रा व्यवस्थाका बाहिर अथवा यसका खिलाफमा रहनेलाई एउटा चुनौतीको रूपमा यो प्रस्तुत भएको छ । त्रुटिहरू पनि नभएका हैनन्, त्यसमा म सहमत छु। तर हामीले सधैं सबै हाम्रा प्रस्तावहरू, पारित गरेका कुराहरू यथासंभव यथाअवस्थामा सम्पूर्ण रूपले त्यसलाई कार्यान्वियन हुनु पर्छ अथवा हुन सकेनन् भन्ने गुनासो गर्न त्यति हदमा उचित जस्तो मलाई लाग्दैन। हामीले हाम्रा कुराहरू हाम्रै किसिमले केलाउँदछौं चाहे वर्गीय संगठनले, चाहे पञ्चायतले, चाहे कुनै स्थानले उसले अर्को ठाउँमा के भएको छ अथवा श्री ५ को सरकारको कति क्षमता छ, के अवस्था छ अथवा यसको राजनीतिक अरू के के असर पर्दछ भन्ने कुराले भन्दा बढी आफ्नो दृष्टिकोण रहेको हुन्छ। त्यसो हुनाले ती सम्पूर्ण रूपले यथावत् रूपमा स्वीकार गर्न वा कार्यान्वयन गर्न सकिन्छ भन्ने कुरा म भन्न सक्तिन र जस्तो आजकै सम्मेलनमा पनि हुन त यसलाई फेरि अन्यथा नलिइयोस् र यसले कमजोरी देखायो वा त्यसले नगर्ने नीयत लियो भन्ने दृष्टिकोण नराखियोस्; र एउटा मार्गदर्शनको रूपमा हामीले कार्यपत्रहरू तयार गरेका छौं र हाम्रा आगामी नीति र कार्यकलापहरूमा त्यसलाई ध्यानमा राखेर क्रमिकरूपमा धेरै कुराहरू हामी गर्दै लान सक्तछौं र कतिपय कुराहरू नै गर्न नसकिने अवस्थाको पनि सृजना हुन सक्तछ र यहाँ एक दुईवटा कुरा व्यक्तिगत रूपमा भनिए कि जस्तो पनि मलाई लाग्दछ र म त्यसमा विशेष रूपले नजाउँ र मलाई दुःख र माननीय साथीहरूले अथवा उपस्थित साथीहरूले यस बैठकको जुन मर्यादा हो, जुन यसको गरिमा हो, जुन यसको उद्देश्य हो, त्यसलई नबुझेर कता कता आफ्ना अथवा सानातिना कुराहरूमा अलमलिनु भयो कि भन्ने पनि मलाई शंका लाग्दछ र त्यस किसिमका जुन अभिव्यक्तिहरू हुन्, त्यसमा दुःख प्रकट गर्नु सिवाय धेरै कुरा गर्न चाहन्न र म यति निश्चय भन्न चाहन्छु कि मैले आफ्नो कार्यकालमा अथवा ओहदामा रहेर कुनै किसिमको सरकारको यस तहबाट फाइदा उठाउने कार्यकलाप गरेको छैन र यदि कुनै व्यक्तिले त्यो औल्याउन सक्छ भने निश्चय पनि म त्यसको निमित्त हर कुरा गर्नको निमित्त तयार छु ।

# गाउँ फर्क केन्द्रीय समितिका अध्यक्षज्यूको विसर्जन भाषरा

उपस्थित सबै प्रतिनिधि तथा पर्यवेक्षक साथीहरू,

सबैले अधिवेशनको अवधिभर बडो धैर्यका साथ मर्यादित रूपमा सहयोगको भावना लिएर यो अधिवेशन सफल पार्न सहयोग गर्नु-भएकोमा सबैलाई गाउँ फर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको तर्फबाट कृतज्ञता ज्ञापन गर्दछु ।

२०१७ सालमा स्वर्गीय श्री ५ महेन्द्रबाट पञ्चायती व्यवस्था बक्सेपछि पन्चायती व्यवस्थाको कार्यक्रमको रूपमा गाउँ फर्क राष्ट्रिय अभियान २०२४ आएको हो र आज **श्री ५ वीरेन्द्रबाट** गाउँ फर्कलाई जन–आकांक्षा अनुकूल सचेतकको भूमिका निर्वाह गर्ने अभिभारा बक्सेको छ। त्यसैले गाउँ फर्कको मुख्य उद्देश्य त अभियान हो, मूल्यांकन त गौण हो । गाउँ फर्कले सचेतकको रूपमा नै मूल्यांकन गर्छ तथा मूल्यांकन व्यक्तिले व्यक्तिको गर्ने नभै एक संस्थाले व्यक्तिको गर्ने हो।

अधिवेशन क्रममा सदस्यहरूले पेश गर्नु भएका तीन वटा विभिन्न प्रस्तावहरू र अधिवेशनमा प्रस्तुत तीनै कार्यपत्रमा पेश गरिएका संशोधन प्रस्तावहरू समेत गाउँ फर्कले सजगतापूर्वक अध्ययन गरी प्रस्तुत सुझावलाई यथायोग्य स्थान दिनेछ र पारित कार्यपत्र कार्यान्वयन गराउन सक्दो प्रयास गर्नेछ ।

अब अन्त्यमा यस अधिवेशनमा भाग लिन आउनुभएका सबै प्रतिनिधि तथा पर्यवेक्षक साथीहरूलाई हार्दिक धन्यवाद दिंदै यो अधिवेशन यहीं विसर्जन गर्दछु। जय देश, जय नरेश !

# गाउँ फर्क – राष्ट्रिय अभियान

## दोस्रो केन्द्रीय अधिवेशन

२०३१

## कार्यक्रम

## पहिलो बैठक

**३ असोज, बृहस्पतिवार**

स्थानः– राष्ट्रिय सभागृह

समयः १८.३०–२०.०० सम्म

(१) **श्री ५ महाराजाधिराज** सरकारबाट निगाहपूर्वक अधिवेशनको समुद्घाटन एवं सम्बोधन बक्सेकोमा मौसूफ सरकारको जुनाफमा गा. फ. के. स. का अध्यक्षबाट धन्यवाद प्रस्ताव प्रस्तुत ।

(२) अधिवेशनको कार्यपद्धतिको जानकारी प्रतिनिधिहरूलाई दिइने ।

(३) कार्यपत्रको तीनै भाग (राजनैतिक, आर्थिक एवं जनशक्ति परिचालन) एवं गा. फ. केन्द्रीय समितिको वार्षिक कार्य विवरण गा. फ. के. समितिका सदस्यहरूबाट अध्ययनार्थ प्रस्तुत गरिने ।

(४) असोज ४ गते ७.३० बजेसम्मको लागि अधिवेशन स्थगित

द्रष्टव्यः– बोल्न चाहने प्रतिनिधिहरूले वितरण शाखाको टेबुलमा राखिएको पुस्तिकामा आफ्नो नाम असोज ३ गते १८.३० बजेदेखि असोज ४ गते १२.०० बजेसम्म लेखाइसक्नु पर्नेछ ।

प्रस्तुत कार्यपत्रमा संशोधन दिन चाहने प्रतिनिधिहरूले स्टेरिङ समितिको टेबुलमा असोज ४ गते १३.०० बजेसम्म लिखित संशोधन दिइसक्नु पर्नेछ ।

## दोस्रो बैठक

**४ असोज, शुक्रवार**

स्थानः– राष्ट्रिय सभागृह ।

(१) समय ७.३० बजेसम्म प्रतिनिधिहरूले आसन ग्रहण गरी सक्नु पर्ने ।

(२) ७.३५ बजेदेखि १२.०० बजेसम्म कार्यपत्रको तीनै भाग बारे प्रतिनिधिहरूबाट छलफल प्रारम्भ ।

(३) १२.०० बजेबाट १४.०० बजेसम्म भोजनको लागि बैठक स्थगित ।

(४) १४.०० बजेदेखि १६.०० बजेसम्म पुनः बैठकको कारवाई प्रारम्भ हुने र कार्यपत्र माथि छलफल जारी रहने ।

## तेस्रो बैठक

**५ असोज, शनिवार**

स्थानः– राष्ट्रिय सभागृह

(१) समयः– ७.३० सम्म प्रतिनिधिहरूले आसन-ग्रहण गरिसक्नु पर्ने ।

(२) ७.३५ बजेदेखि १२.०० बजेसम्म कार्यपत्रमा छलफल जारी ।

(३) १२.००–१३.०० सम्म दिवाभोजन ।

(४) १३.३०–१६.०० सम्म पुनः कार्यपत्रमा छलफल ।

## चौथो बैठक

**६ असोज, आइतवार**

स्थानः– राष्ट्रिय सभागृह ।

(१) समय– ७.३० बजेसम्म प्रतिनिधिहरूले आसन-ग्रहण गरि सक्नु पर्ने।

(२) ७.३५ बजेदेखि १२.०० बजेसम्म प्राप्त संशोधन र अधिवेशनमा व्यक्त गरिएका भावना आदिलाई यथासंभव समावेश गर्दै कार्यपत्रमा संशोधन तथा परिवर्द्धन गरी अन्तिम मस्यौदा प्रस्तुत र पारित।

(३) १२.००–१३.३० सम्म दिवाभोजन।

(४) १३.३० बजेबाट १४.३० बजेसम्म विभिन्न प्रस्ताव पारित ।

(५) १४.३० बाट १५.०० सम्म गा. फ. के. स. का अध्यक्षबाट धन्यवाद एवं विसर्जन भाषण र अधिवेशन समाप्तिको घोषणा ।

# गाउँ फर्क राष्ट्रिय अभियान दोस्रो केन्द्रीय अधिवेशनमा भाग लिनु भएका प्रतिनिधि र पर्यवेक्षकहरूको नामावली

## प्रतिनिधि

### मा. रा. पं. सदस्यहरू

(१) मा. श्री कृष्णबहादुर भट्टराई
(२) मा. श्री विजयप्रकाश थेबे
(३) मा. श्री मानबहादुर जवेगु
(४) मा. श्री गोपालचन्द्र सिंह
(५) मा. श्री पद्मसुन्दर लावती
(६) मा. श्री प्रकाशचन्द्र मुखिया
(७) मा. श्री चैतुलाल चौधरी
(८) मा. श्री भिमराज खापुङ
(९) मा. श्री दुर्गामणी देवान
(१०) मा. श्री भक्तबहादुर बस्नेत
(११) मा. श्री होमबहादुर श्रेष्ठ
(१२) मा. श्री नगेन्द्रप्रसाद रिजाल
(१३) मा. श्री हरेन्द्र बहादुर थापा
(१४) मा. श्री हिरालाल विश्वकर्मा
(१५) मा. श्री राधाप्रसाद धिमिरे
(१६) मा. श्री सूर्यप्रसाद उपाध्याय
(१७) मा. श्री ग्राङदण्डी लामा
(१८) मा. श्री गणेशकुमार पोखरेल
(१९) मा. श्री ध्यान बहादुर राई
(२०) मा. श्री चतुर्भुजप्रसाद सिंह
(२१) मा. श्री डम्बरबहादुर बस्नेत
(२२) मा. श्री लगनलाल चौधरी
(२३) मा. श्री हरिबहादुर बस्नेत
(२४) मा. श्री रामध्वज खड्का
(२५) मा. श्री पेशलकुमार पोखरेल
(२६) मा. श्री राजदेव गोहित
(२७) मा. श्री डिल्ली शेर राई
(२८) मा. श्री गणेशराज सिंह
(२९) मा. श्री भद्रा कुमारी घले
(३०) मा. श्री हेमबहादुर मल्ल
(३१) मा. श्री हेमगजाधर खड्का
(३२) मा. श्री पृथ्वीमान सिंह
(३३) मा. श्री फणिन्द्रबहादुर कार्की
(३४) मा. श्री भोलानाथ झा
(३५) मा. श्री रामेश्वरप्रसाद शाह
(३६) मा. श्री रामचरित्र राय
(३७) मा. श्री भोजराज धिमिरे
(३८) मा. श्री नवराज सुवेदी
(३९) मा. श्री दामोदर शम्शेर
(४०) मा. श्री खेलेन्द्र प्रसाद पाण्डे
(४१) मा. श्री भेषबहादुर थापा (५, ६ गते नआउनुभएको)
(४२) मा. श्री केशवचन्द्र गौतम
(४३) मा. श्री गेहेन्द्रबहादुर राजभण्डारी
(४४) मा. श्री प्रकाशचन्द्र लोहनी
(४५) मा. श्रीमती इन्दिरा श्रेष्ठ
(४६) मा. श्री प्रयागराज सिंह सुवाल
(४७) मा. श्री दिलबहादुर श्रेष्ठ

(४८) मा. श्री गणेशबहादुर खत्री
(४९) मा. श्री छेवाङ सोनाम तामाङ
(५०) मा. श्री इन्द्र बहादुर खडका
(५१) मा. श्रीमती कमल शाह
(५२) मा. श्री ईश्वरीप्रसाद जोशी
(५३) मा. श्री भूपेन्द्रबहादुर खडका
(५४) मा. श्रीमती कमल राणा
(५५) मा. श्री पशुपति शम्शेर
(५६) मा. श्री भीमबहादुर सिजापति
(५७) मा. श्री किर्तीनिधि विष्ट
(५८) मा. श्री जोगमेहर श्रेष्ठ
(५९) मा. श्रीमती सुशीला थापा
(६०) मा. श्री हरिबहादुर थापा
(६१) मा. श्री जीतसिंह खड्का
(६२) मा. श्री भुवनमान सिंह
(६३) मा. श्री कृष्णप्रसाद भण्डारी
(६४) मा. श्री मुक्तिलाल चुके
(६५) मा. श्री भूपेन्द्रलाल नेपाली
(६६) मा. श्री रामलाल श्रेष्ठ
(६७) मा. श्री देवधारी प्रसाद
(६८) मा. श्री शमसूल हक
(६९) मा. श्री हरिकुमार श्रेष्ठ
(७०) मा. श्री गुन्जेश्वरी प्रसाद सिंह
(७१) मा. श्री अम्बिकाप्रसाद पौडेल
(७२) मा. श्री उमाभद्र खनाल
(७३) मा. श्री डम्बर बहादुर मल्ल
(७४) मा. श्री चन्द्र सिंह घले
(७५) मा. श्री दयाविक्रम शाह
(७६) मा. श्री मुनिन्द्र जंग गुरुङ
(७७) मा. श्री श्रीकान्त अधिकारी
(७८) मा. श्री धनबहादुर गुरूङ
(७९) मा. श्री नारायणमल्ल
(८०) मा. श्री नरबहादुर बुढा
(८१) मा. श्री भीमप्रसाद गौचन
(८२) मा. श्री ओमकारप्रसाद गौचन
(८३) मा. श्री केद्वारनाथ पाण्डे
(८४) मा. श्री रवीन्द्र नाथ शर्मा
(८५) मा. श्री गोकर्णराज शास्त्री
(८६) मा. श्री भीमबहादुर बुढाथोकी
(८७) मा. श्री जीवनारायण वेलवासे
(८८) मा. श्री पूर्णमान शाक्य
(८९) मा. श्री पीताम्वरध्वज खाती
(९०) मा. श्री हरिनारायण रजौरिया
(९१) मा. श्री के. वी. शाही
(९२) मा. श्री टंकबहापुर बिष्ट
(९३) मा. श्री जनकबहादुर शाह
(९४) मा. श्री नारायणप्रसाद चन्द
(९५) मा. श्री बालाराम घर्ती मगर
(९६) मा. श्री मरिचमान सिंह
(९७) मा. श्री हरिश्चन्द्र महत
(९८) मा. श्री कर्णप्रसाद भट्ट
(९९) मा. श्री कृष्णबहादुर मल्ल
(१००) मा. श्री धर्मदत्त पाध्या
(१०१) मा. श्री ललित चन्द
(१०२) मा. श्री युवराजजंग शाह
(१०३) मा. श्री कर्णबहादुर सिंह
(१०४) मा. श्री अमर बहादुर शाही
(१०५) मा. श्री भक्तबहादुर कार्की
(१०६) मा. श्री पुष्करनाथ उप्रेती
(१०७) मा. श्री निर्मलकुमार श्रेष्ठ
(१०८) मा. श्री नैनबहादुर स्वांर
(१०९) मा. श्री प्रकाशबहादुर सिंह
(११०) मा. श्री टेकबहादुर रावल
(१११) मा. श्री डा. के. आई. सिंह
(११२) मा. श्री बहादुरसिंह ऐतवाल
(११३) मा. श्री लवरू राणा थारू
(११४) मा. श्री नारायणदत्त भट्ट
(११५) मा. श्री लोकेन्द्रबहादुर चन्द
(११६) मा. श्री कर्णबहादुर भण्डारी
(११७) मा. श्री लोकप्रताप सिंह बिष्ट

## ५ वर्गीय संगठनका केन्द्रीय पदाधिकारोहरू

(१) कोषाध्यक्ष श्री जंगबहादुर गुरूङ
(२) स. श्री देवकुमार राई
(३) स. श्री वृषबहादुर राई
(४) स. श्री लालबहादुर घिसिङ
(५) स. श्री विष्णुबहादुर पाण्डे
(६) स. श्री रामबहादुर रायमाझी
(७) स. श्री उदयवीर गुरूङ
(८) स. श्री प्रेमप्रसाद गौचन
(९) स. श्री भवानी चन्द
(१०) श्रीमती महालक्ष्मी पोखरेल
(११) श्रीमती शैल उपाध्याय
(१२) श्रीमती रोहिणी शाह
(१३) श्रीमती धनमाया मुखिया
(१४) श्री प्रेमा उदास
(१५) श्रीमती देवदेवी शर्मा
(१६) श्रीमती भक्तकुमारी घले
(१७) श्रीमती सिद्धीलक्ष्मी कारंजीत
(१८) श्री इन्द्रप्रभा अधिकारी
(१९) श्री शोभा शाक्य
(२०) श्री शान्ता देवी पौडेल
(२१) श्री जुद्धकुमारी शर्मा
(२२) श्रीमती जगतकुमारी चन्द
(२३) श्री शक्तिदेवी अमात्य
(२४) उप–सभापति श्री यस. एल. शर्मा
(२५) सचिव श्री कृष्ण प्रसाद शर्मा
(२६) कोषाध्यक्ष श्री माधवराज वाना
(२७) श्री रामप्रसाद भट्टराई
(२८) श्री गंगा बहादुर थापा
(२९) श्री नारायण बहादुर मिश्र
(३०) श्री जगदीश नेपाली
(३१) श्री प्रेमसिह थापा
(३२) श्री लक्ष्मीनारायण अधिकारी
(३३) उप–सभापति श्री अखिलेश्वरप्रसाद सिंह
(३४) कोषाध्यक्ष श्री मुक्तिनारायण प्रधान
(३५) श्री इन्द्रबहादुर सोमेहाङ
(३६) श्री रामप्रसाद उप्रेती
(३७) श्री सुरेन्द्रमान जोशी
(३८) श्री इन्द्रमणि घिमिरे
(३९) श्री लोकमणि गिरी
(४०) श्री हेमराज शर्मा
(४१) श्री रामबहादुर रोकाया
(४२) उप–सभापति श्री तिलकबहादुर बस्नेत
(४३) सचिव श्री कैलाशकुमार हमाल
(४४) कोषाध्यक्ष श्री लक्ष्मीप्रसाद शाह
(४५) स. श्री रामबहादुर खत्री
(४६) स. श्री हेम बहादुर राजभण्डारी
(४७) स. श्री विलट राय
(४८) स. श्री बाबुकाजी महर्जन
(४९) स. श्री जयप्रकाश
(५०) स. श्री हरिबहादुर गोदार
(५१) स. श्री शेरबहादुर शेरचन
(५२) स. श्री देवीचन्द्र महत क्षेत्री
(५३) स. श्री पूर्णराज उपाध्याय
(५४) स. श्री विक्रमराज शाही

## गाउँ फर्क अञ्चल अभियान समितिका सदस्यहरू

### मेची

(१) श्री पूर्ण कुमार शेर्मा

## अञ्चल सभाका सभापतिहरू–१४

(२) श्री यामप्रसाद चापागाईं
(३) श्री हर्क बहादुर राई
(४) श्री हंसनारायण चौधरी

**कोशी**

(५) श्री कर्णबहादुर गुरूङ जयमगर
(६) श्री जवाहर रोका
(७) श्री तेजप्रसाद घिमिरे
(८) श्रीपृथ्वीमान तुम्वाहाम्फे

**सगरमाथा**

(९) श्री कृष्णचरण श्रेष्ठ
(१०) श्री कृष्ण बहादुर राई
(११) श्री नवराज गुरूङ
(१२) श्री शत्रुधन प्रसाद सिंह यादव

**जनकपुर**

(१३) श्री कृष्णहरि अधिकारी
(१४) श्री बनारसी महत्तो
(१५) श्री मोहनबहादुर कार्की
(१६) श्री रामप्रसाद आचार्य

**बागमती**

(१७) श्री उपेन्द्र दैवज्ञ
(१८) श्री जीवनलाल श्रेष्ठ
(१९) श्री दावा फिन्जो तामाङ
(२०) श्री देवेन्द्र लाल अमात्य

**नारायणी**

(२१) श्री गणेशराज शास्त्री
(२२) श्री चीज कुमार श्रेष्ठ
(२३) श्री टंकबहादुर गलानथापा मगर
(२४) श्री रामपदारथ शर्मा

**गण्डकी**

(२५) श्री गंगाबहादुर गुरूङ
(२६) श्री दिवाकर शर्मा
(२७) श्री विश्वमोहन गौचन
(२८) श्री हरिबहादुर थापा

**धवलागिरी**

(२९) श्री टोपबहादुर विजुक्छे
(३०) श्री दीप बहादुर खड्का
(३१) श्री नुर्भूक घले
(३२) श्री लाल बहादुर वानिया क्षेत्री

**लुम्बिनी**

(३३) श्री कृष्णदेव शर्मा
(३४) श्री दुर्गाबहादुर शाहा
(३५) श्री नरहरि रिजाल
(३६) श्री सूर्य लाल श्रेष्ठ

**राप्ती**

(३७) श्री देव बहादुर के. सी
(३८) श्री नन्द बहादुर बुढामगर
(३९) श्री वसन्तबहादुर शाह
(४०) श्री मुक्तिप्रसाद सुवेदी

**भेरी**

(४१) श्री कुलबहादुर शाही
(४२) श्री नरेन्द्रबहादुर घर्तीक्षेत्री
(४३) श्री बालकृष्ण थारू
(४४) श्री माधुरी शर्मा

**कर्णाली**

(४५) श्री छविलाल तामाङ
(४६) श्री मानबहादुर अधिकारी
(४७) श्री महाशंकर देवकोटा
(४८) श्री लोकबहादुर मल्ल

**सेती**

(४९) श्री छिमानन्द महतो
(५०) श्री नरसिंह गिरी
(५१) श्री रामचन्द्र भट्ट
(५२) श्री हरिप्रसाद भण्डारी

**महाकाली**

(५३) श्रीमती कल्पना विष्ट
(५४) श्री गणेशबहादुर पाल
(५५) श्री जोगराम दरोगा थारू
(५६) श्री हरिकृष्ण बौगटी

## गाउँ फर्क अञ्चल अभियानका सदस्य-सचिवहरू–१४

(५७) श्री दुर्गा सुब्बा
(५८) श्री लामापासाङ शेर्मा
(५९) श्री जिवछ वछार थारू
(६०) श्रीमदनकृष्ण हाडा
(६१) श्री महम्मद आरिफ
(६२) श्री प्रेमकुमार श्रेष्ठ
(६३) श्री केदार राई
(६४) श्री नरसिंहभक्त तुलाचन
(६५) श्री तोलेश्वरनाथ पाण्डे
(६६) श्री प्रेमनारायण शर्मा
(६७) श्री योगेश्वर कार्की
(६८) श्री नीरविक्रम शाह
(६९) श्रीमती शारदा सिंह
(७०) श्री लक्ष्मणसिंह भण्डारी

## पर्यवेक्षकहरू

## १४ अञ्चलका ५ वर्गीय संगठनका सभापतिहरू

### नेपाल किसान संगठन

(१) श्री नन्दप्रसाद सिवाकोटी
(२) श्री राजेन्द्र बहादुर तुम्वाहाम्फे
(३) श्री ओमकर्ण जंग ध्वज कार्की
(४) श्री रामछविला राय
(५) श्री पदमबहादुर थापा
(६) श्री पूर्ण बहादुर के. सी.
(७) श्री धर्मजित शाही
(८) श्री रणबहादुर बढुवाल
(९) श्री विरे विष्ट

### नेपाल युवक संगठन

(१०) श्री बमबहादुर तुम्बाहाम्फे
(११) श्री कृष्णप्रसाद पोखरेल
(१२) श्री गोविन्दहरि धौभडेल
(१ ) श्री भैरवबहादुर रावत
(१४) श्री यमप्रसाद गरूङ
(१५) श्री जगदीश प्रसाद शर्मा
(१६) श्री रंगप्रसाद ढुंगाना
(१७) श्री रूद्रबहादुर के. सी.

### नेपाल महिला संगठन

(१८) श्री प्रमिला थापा
(१९) श्री धनकुमारी गरूङ
(२०) श्री चन्द्रशोभा शर्मा
(२१) श्री विश्वकान्ती कलावती
(२२) श्री विद्यादेवी देवकोटा
(२३) श्री पुष्पलता श्रेष्ठ
(२४) श्री सावित्री कुमारी
(२५) श्री सन्त कुमार वान्तवा

### नेपाल भू. पू. सैनिक संगठन

(२६) श्री धनबहादुर लिम्बु
(२७) श्री भीमप्रसाद राई
(२८) श्री नेत्रबहादुर कार्की
(२९) श्री कृष्णप्रसाद सापकोटा
(३०) श्री सूर्यविक्रम थापा
(३१) श्री नरबहादुर गुरूङ
(३२) श्री कविराज पुन
(३३) श्री गंगाबहादुर घर्ती
(३४) श्री कुलबहादुर शाही
(३५) श्री दीपकबहादुर शाही
(३६) श्री बलिराम भट्ट



7437

# पूर्वान्चल विकास क्षेत्र

## गाउँ फर्क अंचल अभियान समितिका सदस्यहरू

### मेची अंचल

| | | जिल्ला |
|---|---|---|
| (१) श्री पूर्णकुमार शेर्मा | अध्यक्ष | पाँचथर |
| (२) " यामप्रसाद चापागाईं | सदस्य | इलाम |
| (३) " हर्कबहादुर राई | " | " |
| (४) " हंसनारायण चौधरी | " | झापा |
| (५) " दुर्गा सुब्बा | सदस्य–सचिव | ताप्लेजुङ |

### कोशी अंचल

| | | |
|---|---|---|
| (१) श्री कर्णबहादुर गुरूङ जयमगर | अध्यक्ष | सुनसरी |
| (२) " जवाहर रोक्का | सदस्य | मोरङ |
| (३) " तेजप्रसाद घिमिरे | " | धनकुटा |
| (४) " पृथ्वीमान तुम्बाहाम्फे | " | तेह्रथुम |
| (५) " केदार राई | सदस्य–सचिव | संखुवासभा |

### सगरमाथा अंचल

| | | |
|---|---|---|
| (१) श्री कृष्ण चरण श्रेष्ठ | अध्यक्ष | सिराहा |
| (२) " कृष्ण बहादुर राई | सदस्य | भोजपुर |
| (३) " नवराज गरूङ | " | ओखलढुंगा |
| (४) " शत्रुघन प्रसाद सिंह यादव | " | सप्तरी |
| (५) " लामा पासाङ सेर्मा | सदस्य–सचिव | सोलुखुम्बु |

# मध्यमान्चल विकास क्षेत्र

### जनकपुर अंचल

| | | |
|---|---|---|
| (१) श्री कृष्णहरि अधिकारी | अध्यक्ष | सिंधुली |
| (२) " बनारसी महतो | सदस्य | धनुषा |
| (३) " मोहनबहादुर कार्की | " | दोलखा |
| (४) " रामप्रसाद आचार्य | " | सर्लाही |
| (५) " जिवछ वछार थारू | सदस्य–सचिव | महोत्तरी |

### वागमती अंचल

| | | |
|---|---|---|
| (१) श्री उपेन्द्र दैवज्ञ | अध्यक्ष | भक्तपुर |
| (२) " जीवनलाल श्रेष्ठ | सदस्य | काठमाडौं |

| | | |
|---|---|---|
| (३) श्री दावा फिन्जो तामाङ | सदस्य | रसुवा |
| (४) " देवेन्द्र लाल अमात्य | " | ललितपुर |
| (५) " मदनकृष्ण हाडा | सदस्य–सचिव | भक्तपुर |

**नारायणी अंचल**

| | | |
|---|---|---|
| (१) श्री गणेशराज शास्त्री | अध्यक्ष | बारा |
| (२) " चीजकुमार श्रेष्ठ | सदस्य | चितवन |
| (३) " टंक बहादुर गलान थापामगर | " | मकवानपुर |
| (४) " रामपदारथ शर्मा | " | रौतहट |
| (५) " महम्मद आरिफ | सदस्य–सचिव | पर्सा |

## पश्चिमान्चल विकास क्षेत्र

**गण्डकी अंचल**

| | | |
|---|---|---|
| (१) श्री गंगाबहादुर गुरूङ | अध्यक्ष | लमजुङ |
| (२) " दिवाकर शर्मा | सदस्य | पर्वत |
| (३) " विश्वमोहन गौचन | " | कास्की |
| (४) " हरिबहादुर थापा | " | तनहुँ |
| (५) " प्रेमकुमार श्रेष्ठ | सदस्य–सचिव | गोरखा |

**धौलागिरी अंचल**

| | | |
|---|---|---|
| (१) श्री टोपबहादुर विजुक्छे | अध्यक्ष | बागलुङ |
| (२) " दीपबहादुर खड्का | सदस्य | म्याग्दी |
| (३) " नुर्मुक घले | " | डोल्पा |
| (४) " लालबहादुर बानिया क्षेत्री | " | म्याग्दी |
| (५) " नरसिंहभक्त तुलाचन | सदस्य–सचिव | मुस्ताङ |

**लुम्बिनी अंचल**

| | | |
|---|---|---|
| (१) " कृष्णदेव शर्मा | अध्यक्ष | पाल्पा |
| (२) " दुर्गाबहादुर शाहा | सदस्य | अर्घाखांची |
| (३) " नरहरि रिजाल | " | गुल्मी |
| (४) " सूर्यलाल श्रेष्ठ | " | रूपन्देही |
| (५) " तौलेश्वरनाथ पाण्डे | सदस्य–सचिव | कपिलवस्तु |

## सुदूर पश्चिमान्चल क्षेत्र

**राप्ती अंचल**

| | | |
|---|---|---|
| (१) श्री देवबहादुर के. सी. | अध्यक्ष | दाङदेउखुरी |
| (२) " नन्दबहादुर बुढामगर | सदस्य | रोल्पा |

| | | |
|---|---|---|
| (३) " वसन्त बहादुर शाहा | " | रूकुम |
| (४) " मुक्तिप्रसाद सुवेदी | " | प्यूठान |
| (५) " प्रेमनारायण शर्मा | सदस्य–सचिव | सल्यान |

**भेरी ग्रंचल**

| | | |
|---|---|---|
| (१) श्री कुलबहादुर शाही | ग्रध्यक्ष | दैलेख |
| (२) " नरेन्द्रबहादुर घर्ती क्षेत्री | सदस्य | सुर्खेत |
| (३) " बालकृष्ण थारू | " | बर्दिया |
| (४) " माधुरी शर्मा | " | बांके |
| (५) " योगेश्वर कार्की | सदस्य–सचिव | जाजरकोट |

**कर्णाली ग्रंचल**

| | | |
|---|---|---|
| (१) श्री छविलाल तामाङ | ग्रध्यक्ष | हुम्ला |
| (२) " महाशंकर देवकोटा | सदस्य | तिब्रीकोट |
| (३) " मानबहादुर ग्रधिकारी | " | जुम्ला |
| (४) " लोकबहादुर मल्ल | " | मुगु |
| (५) " नीरविक्रम शाह | सदस्य–सचिव | " |

**सेती ग्रंचल**

| | | |
|---|---|---|
| (१) श्री छिमानन्द महतो थारू | ग्रध्यक्ष | कैलाली |
| (२) " नरसिंह गिरी | सदस्य | बाजुरा |
| (३) " रामचन्द्र भट्ट | " | डोटी |
| (४) " हरिप्रसाद भण्डारी | " | ग्रच्छाम |
| (५) श्रीमती शारदा सिंह | सदस्य–सचिव | बझाङ |

**महाकाली ग्रंचल**

| | | |
|---|---|---|
| (१) श्रीमती कल्पना बिष्ट | ग्रध्यक्ष | डडेलधुरा |
| (२) श्री गणेशबहादुर पाल | सदस्य | दार्चुला |
| (३) " जोगराम दगोरा थारू | " | कञ्चनपुर |
| (४) " हरिकृष्ण बोगटी | " | बैतडी |
| (५) " लक्ष्मणसिंह भण्डारी | सदस्य–सचिव | " |

## गाउँफर्क के. स. ले गाउँफर्क राष्ट्रिय अभियान पुस्तिकामा उल्लिखित केन्द्रीय अधिवेशन संचालन गर्न यो उप-नियम बनाएको छ।

### भाग – १

(१) **संक्षिप्त नाम र प्रारम्भः–** (१) यस उप–नियमको नाम "कार्य पद्धति" रहेको छ । (२) यो उप–नियमावली गा. फ. दोस्रो अधिवेशन अवधिसम्म मात्र लागु हुनेछ ।

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस उप-नियमावलीमा––

(२) **परिभाषाः–** (क) "अध्यक्ष" भन्नाले गाउँफर्क रा. अ. के. स. मा **श्री ५** बाट मनोनीत सदस्यहरूमध्ये वर्णानुक्रमानुसारको अध्यक्षलाई जनाउँदछ ।

(ख) "सदस्य" भन्नाले गा. फ. के. स. मा मनोनीत एवं पदेन सदस्य समेतलाई जनाउँदछ ।

(ग) "सचिव" भन्नाले गा. फ. के. स. को सदस्य-सचिवलाई जनाउँदछ ।

(घ) "स्टेरिङ्ग समिति" भन्नाले गा. फ. के. स. द्वारा अधिवेशन सञ्चालन गर्न गठित समितिलाई जनाउँदछ ।

(ङ) "प्रस्ताव" भन्नाले अधिवेशनको विचारार्थ पेश भएको संशोधन र अन्य कुनै छलफलको विषयलाई जनाउँदछ ।

(च) "टेबुल" भन्नाले अधिवेशनको टेबुललाई जनाउँदछ ।

(छ) "कार्यक्रम" भन्नाले गा. फ. के. स. द्वारा अधिवेशनको लागि प्रकाशित कार्यक्रमलाई जनाउँदछ ।

(ज) "प्रतिनिधि" भन्नाले अधिवेशनमा गाउँफर्क पुस्तिका पेज ३१ को (३) अनुसार उल्लेख भएका प्रतिनिधिलाई मात्र जनाउँदछ ।

## अधिवेशनको प्रारम्भ र अन्त

(३) अधिवेशनको प्रारम्भ, स्थगन र अन्त गाउँफर्क के. स. द्वारा अधिवेशनको लागि समय समयमा प्रकाशित कार्यक्रम अनुसार हुनेछ ।

(४) **अध्यक्षको काम, कर्तव्य र अधिकारः–**

(क) अधिवेशनको सभापतित्व गर्नु ।

(ख) अध्यक्षले कार्यक्रम अनुसार कार्यबोझलाई ध्यानमा राखी अधिवशनको समय निर्धारित गर्नु।

(ग) निर्धारित स्थान र क्रममा अधिवेशनका प्रतिनिधिहरूलाई आसन ग्रहण गर्न लगाउने ।

(घ) स्टेरिङ्ग समितिसंग परामर्श गरी अधिवेशनका अन्य आइपरेका कार्यक्रमहरू मिलाउनु ।

(ङ) पूर्वनिर्धारित कुनै कार्यक्रमलाई आवश्यकतानुसार परिवर्तन गर्न सक्नेछ ।

(च) अध्यक्षले आवश्यकता अनुसार प्रतिनिधिहरूको बोल्ने क्रममा हेरफेर गर्न सक्नेछ ।

(छ) अधिवेशनमा पेश भएका विभिन्न विषयमाथि छलफल गर्ने समयावधि स्टेरिङ्ग समितिसंग सल्लाह गरी तोक्न सक्नेछ।

(ज) कुनै प्रस्ताव, सूचनामा आपत्तिजनक, व्यंग्यात्मक असम्बद्ध शब्द वा वाक्यांशहरू छन् भन्ने लागेमा अध्यक्षले स्टेरिङ्ग समितिको सुझावमा यथोचित संशोधन गर्न वा गराउन सक्नेछ ।

(झ) अध्यक्षले अधिवेशनको बैठकमा अव्यवस्थित व्यवहार गर्ने प्रतिनिधितर्फ आफ्नो व्यवहार नियन्त्रण गर्न चेतावनी दिन सक्नेछ र चेतावनी पाएपछि त्यस्तो प्रतिनिधिले आफ्नो व्यवहारमाथि नियन्त्रण गर्नु पर्नेछ, नगरेमा अध्यक्षले अधिवेशन स्थलबाट बाहिर जाने आदेश दिन्छ र सो को पालन गर्नु अनिवार्य हुनेछ ।

(ञ) अध्यक्षले कुनै पनि छलफल अनावश्यक किसिमले लम्बिएको महसूस गरेमा छलफलको अन्त हुने समय तोक्न सक्नेछ र तोकिएको समयभित्र छलफल पूरा नभैसकेको भएतापनि सो मूल प्रस्तावलाई निर्णयार्थ अधिवेशनमा पेश गर्न सक्नेछ।

(ट) अधिवेशनमा शान्ति, सुव्यवस्था तथा अनुशासन कायम राखी तत्सम्बन्धमा भएका निर्णयहरूलाई कार्यान्वित गर्न तथा आवश्यक हुन गएमा अन्य आवश्यक अधिकार प्रयोग गर्ने सम्पूर्ण अधिकार र कर्तव्य अध्यक्षको हुनेछ ।

(ठ) अध्यक्षको निर्णय वा आचरणको कुनै आलोचना गर्न पाइने छैन ।

## अधिवेशनले निर्णय गर्ने तरीका

(५) अधिवेशनको विचाराधीन रहेको प्रस्तावमाथि अध्यक्षले बैठकको निर्णयार्थ प्रस्तुत प्रश्नद्वारा मात्र निर्णय हुन सक्नेछ।

(६) निर्णयको निमित्त प्रश्न प्रस्तुत गर्ने विधि अध्यक्षले तोके बमोजिम मात्र हुनेछ।

**(७) प्रतिनिधिहरूको काम, कर्तव्य र अधिकार**

(१) प्रतिनिधिहरूले अधिवेशन सामू प्रस्तुत विषयवस्तुको दायरामा रही छलफलमा भाग लिनु पर्नेछ र वक्तव्य अधिवेशनको विचाराधीन विषयसंग मात्र सम्बन्ध हुनु पर्दछ ।

(२) भाषण गर्न पाउने अधिकारलाई अधिवेशनको काममा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले बाधा पार्ने मनसायले प्रयोग गर्नु हुँदैन।

(३) अध्यक्षको आज्ञा नलिई कुनै पनि प्रतिनिधिले अधिवेशनमा कुनै प्रश्न, स्पष्टीकरण आदि गर्न हुँदैन।

## संशोधन

(८) अधिवेशनमा प्रस्तुत कार्यपत्रहरूमा संशोधन दिन चाहने प्रतिनिधिले कार्यक्रममा उल्लेख समयभित्र दिन पर्नेछ, अन्यथा सो मान्य हुनेछैन ।

(९) प्राप्त संशोधन स्टेरिङ्ग समितिमा जानेछ र सो समितिबाट स्वीकृत भएमा मात्र अधिवेशनमा आउनेछ।

(१०) अधिवेशनमा लिखित संशोधनको अतिरिक्त प्रतिनिधिहरूले वक्तव्य दिने कार्यक्रममा दिएको सुझावहरूलाई समेत आवश्यकतानुसार समावेश गरी स्टेरिङ्ग समितिले अन्तिम मस्यौदा स्वीकृतिको लागि अधिवेशनमा पेश गर्न सक्नेछ ।

## स्टेरिङ्ग समिति

(११) अध्यक्षलाई अधिवेशनको कार्य संचालनमा सहयोग एवं सुझाव दिन एउटा स्टेरिङ्ग समिति हुनेछ, जसको देहाय बमोजिम अधिकार एवं कर्त्तव्य हुनेछः–

(क) अधिवेशनमा प्राप्त प्रस्तावको छानबीन गर्नु ।

(ख) अध्यक्षले कार्य संचालन गर्ने बारे मागेको सल्लाह, सुझाव दिनु।

(ग) अधिवेशनको अन्तिम कार्यपत्रको मस्यौदा तैयार गर्नु ।

(घ) अध्यक्षले निर्देशन गरे अनुसार अन्य अधिवेशन सम्बन्धी कार्य गर्नु गराउनु ।

(ङ) कुनै प्रश्नका स्वीकरणीयताको निर्णय गर्दा अध्यक्षलाई सल्लाह दिनु।

(च) अधिवेशनको अवधि भरी अध्यक्षलाई सल्लाह र सहयोग दिन सदा तत्पर रहनु ।

## सदस्य-सचिवको अधिकार र कर्तव्य

(१२) (क) अधिवेशन सम्बन्धी सम्पूर्ण कार्यक्रम वितरण गर्नु।

(ख) प्राप्त प्रस्तावहरूलाई स्टेरिङ्ग समितिमा पठाउनु ।

(ग) स्टेरिङ्ग समितिबाट प्राप्त कागजपत्र राख्न लगाउनु ।

## प्रस्तावको स्वीकरणीयताका आधार

(१३) (१) कुनै पनि प्रस्तावको विषयवस्तु वृहत् राष्ट्रिय दृष्टिकोणमा आधारित हुनु पर्दछ ।

(२) कुनै व्यक्ति, संस्था वा अंकको संकीर्ण दृष्टिकोणबाट व्यंग्यात्मक, आपत्तिजनक एवं असम्बद्ध प्रस्ताव स्वीकरणीय हुन सक्दैन ।

## मिति ०३१।५।१६ का दिन गाउँफर्क-राष्ट्रिय अभियान केन्द्रीय समितिको बैठकले गाउँ फर्क केन्द्रीय अधिवेशनका लागि गठन गरेका समितिहरू:

### मूल समिति

| | | | |
|---|---|---|---|
| (१) | प्रो. श्री ढुण्डिराज भण्डारी | अध्यक्ष | गा. फ. रा. अ. के. समिति |
| (२) | श्री कमल राज रेग्मी | सदस्य | " |
| (३) | श्री जगत बहादुर सिंह | " | " |
| (४) | श्री पासाङ गोपर्मा | " | " |
| (५) | श्री फतेह सिंह थारू | " | " |
| (६) | श्री वासुदेव श्रेष्ठ | " | " |
| (७) | श्री शत्रुघन प्रसाद सिंह | " | " |
| (८) | श्रीमती सरस्वती राई | " | " |
| (९) | श्री चन्द्रवीर गुरूङ्ग | सदस्य-सचिव | " |
| (१५) | सम्माननीय प्रधानमन्त्री श्री नगेन्द्र प्रसाद रिजाल | सदस्य | " |
| (११) | " अध्यक्ष रा. पं. श्री नैन बहादुर स्वांर | " | " |
| (१२) | " पंचायत मन्त्री श्री दामोदर शम्शेर ज. ब. रा. | " | " |
| (१३) | " सभापति ने. कि. सं. श्री काशिराज उपाध्याय | " | " |
| (१४) | " " ने. भू. पू. सै. सं श्री जया प्रसाद राई | " | " |
| (१५) | " " ने. महिला स. श्रीमती पुण्य प्रभा ढुंगाना | " | " |
| (१६) | " " ने. म. सं. श्री बद्री प्रसाद गुप्ता | " | " |
| (१७) | " " ने. यु. सं. श्री यज्ञ प्रसाद आचार्य | " | " |

### स्वागत समिति

| | | |
|---|---|---|
| (१) | प्रो. श्री ढुण्डिराज भण्डारी (अध्यक्ष गा. फ. रा. अ. के. स) | संयोजक |
| (२) | सम्माननीय प्रधानमन्त्री श्री नगेन्द्र प्रसाद रिजाल | सदस्य |
| (३) | " रा. पं. अध्यक्ष श्री नैनबहादुर स्वाँर | " |
| (४) | माननीय रा. पं. उपाध्यक्ष श्री डम्बरबहादुर बस्नेत | " |

(५) माननीय श्री डा. के. ग्राइ. सिंह सदस्य
(६) " श्री कीर्तिनिधि विष्ट "
(७) सम्माननीय सभापति ने. कि. सं. श्री काशिराज उपाध्याय "
(८) सम्माननीय सभापति ने. भू. पू. सै. सं. श्री जयाप्रसाद राई "
(९) " " ने. महिला संगठन सं. श्रीमती पुण्यप्रभा ढुंगाना "
(१०) " " ने. म. सं. श्री बद्रीप्रसाद गुप्ता "
(११) " " ने. यु. सं. श्री यज्ञप्रसाद ग्राचार्य "

**स्टेरिङ समिति**

(१) श्री कमलराज रेग्मी सदस्य गा. फ. के. स. (संयोजक)
(२) सम्माननीय श्री दामोदर शम्शेर ज. ब. रा. " सदस्य
(३) श्री जगत बहादुर सिंह " "
(४) श्री पासाङ गोपर्मा " "
(५) डा. श्री भेषबहादुर थापा, ,ग्रर्थ राज्यमन्त्री " "
(६) श्री फतेह सिंह थारू " "
(७) श्री बासुदेव श्रेष्ठ " "
(८) माननीय श्री कर्ण बहादुर भण्डारी " "
(९) " श्री केशव चन्द्र गौतम "
(१० " श्री पद्म सुन्दर लावती "
(११) " श्री पीताम्बर ध्वज खाती "
(१२) " श्री डा. प्रकाश चन्द्र लोहनी "
(१३) " श्री भोजराज घिमिरे "
(१४) " श्री रवीन्द्र नाथ शर्मा "
(१५) " श्री हरेन्द्र बहादुर थापा "
(१६) " श्रीमती कमल राणा "

**प्रबन्धक समिति**

(१) श्री चन्द्र वीर गुरूङग सदस्य सचिव गा. फ. के. स (संयोजक)
(२) सम्माननीय श्री कृष्णराज ग्रर्याल, शिक्षा स्वास्थ्य मन्त्री सदस्य
(३) माननीय श्री भुवनमान सिंह उ. वा. राज्य मन्त्री "
(४) श्री शत्रुघन प्रसाद सिंह सदस्य गा. फ. के. स. "
(५) श्रीमती सरस्वती राई " "
(६) माननीय श्री ईश्वरी प्रसाद जोशी "
(७) " श्री खेलेन्द्र प्रसाद पाण्डे "
(८) " श्री गेहेन्द्र बहादुर राजभण्डारी "

(९) माननीय श्री जोगमेहर श्रेष्ठ सदस्य
(१०) " श्री भीमबहादुर सिजापति "
(११) श्री मदन कृष्ण हाडा "
(१२) माननीय सुश्री भद्रा घले "

मिति २०३१।५।२० का दिन श्री चन्द्र वीर गुरूङगको संयोजकत्वमा भएको प्रबन्ध समितिको बैठकमा निम्न लिखित व्यक्तिहरू भएको निम्नलिखित उप–समितिहरूको गठन भयो :

**खाद्य उप-समिति**

(१) माननीय श्री गेहेन्द्र बहादुर राजभण्डारी
(२) माननीय श्री खेलेन्द्र प्रसाद पाण्डे
(३) माननीय श्री भुवन मान सिंह, उ. वा. राज्य मन्त्री

**मन्च एवं सभागृह श्रृंगार प्रबन्ध उप-समिति**

(१) माननीय सुश्री भद्रा घले
(२) श्रीमती सरस्वती राई सदस्य, गा. फ. के. स.

**प्रचार एवं आमसभा प्रबन्ध उप-समिति**

(१) माननीय श्री जोगमेहर श्रेष्ठ
(२) माननीय श्री भीम बहादुर सिजापति
(३) श्री मदन कृष्ण हाडा, सदस्य सचिव, गा. फ. अंचल अभियान समिति

**सभास्थलमा बस्ने व्यवस्था, माइक आदिको प्रबन्ध उप-समिति**

(१) श्री चन्द्र वीर गुरूङ्ग, सदस्य-सचिव, गा. फ. के. स.
(२) सम्माननीय श्री कृष्णराज अर्याल, शिक्षा, स्वास्थ्य मन्त्री
(३) माननीय श्री इश्वरी प्रसाद जोशी
(४) श्री शत्रुघन प्रसाद सिंह, सदस्य, गा. फ. के. स.

| | |
|---|---|
| | |
| | |
| | |
| | |

## गाउँफर्क–राष्ट्रिय अभियान केन्द्रीय समितिको दोस्रो केन्द्रीय अधिवेशनमा भाग लिनु भएका पयवेक्षक तथा प्रतिनिधिहरूको संख्याः–

| | | |
|---|---|---|
| माननीय रा. पं. स. हरू | | ११७ |
| वर्गीय संगठनका केन्द्रीय पदाधिकारहरू | | ५४ |
| अंचल सभाका सभापतिहरू | | १४ |
| गा. फ. अंचल अभियानका सदस्य–सचिववहरू | | १४ |
| गा. फ. अंचल अभियानका सदस्यहरू | पर्यवेक्षक | ५६ |
| १४ अंचलका ५ वर्गीय संगठनका सभापतिहहरू | पर्यवेक्षक | ३५ |
| | जम्मा | २९० |
| प्रतिनिधि तथा पर्यवेक्षक वक्ताहरू | | ८१ |

—०—



7437